प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २०० | काठमाडौं | बुधबार, ०९ मंसिर २०८३ | Prabhab National Daily | Wednesday, 25 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

सन्दर्भः वैदेशिक रोजगार

सीप प्रमाणीकरणको अलमलले साउदीको रोजगारी संकटमा

■ प्रभाव संवाददाता

काठमाडौं– साउदी अरेबिया जाने श्रमिकको सीप परीक्षण हुन नसक्दा उक्त मुलुक जाने श्रमिकको संख्यामा ठूलो गिरावट आएको छ । सरकारले गत कात्तिक महिनामै सीप परीक्षण गर्न योग्य संस्थाहरूको सूची सार्वजनिक गरे पनि काम भने सुरु नहुँदा साउदी जाने श्रमिक प्रभावित भएका हुन् ।

केही वर्षयताको तथ्यांक हेर्दा सामान्य अवस्थामा साउदीमा दैनिक २०० जनाभन्दा बढी श्रमिक श्रम स्वीकृति लिएर पहिलोपटक रोजगारीमा गएको पाइन्छ । तर केही महिना यता घट्दो क्रममा रहेको यस्तो संख्यामा गत कात्तिकमा भारी गिरावट आएको छ । संस्थागत माध्यमबाट चालु आर्थिक वर्षको साउनमा तीन हजार ७६९, भदौमा दुई हजार २०५, असोजमा दुई हजार ५१२ जना साउदी जाँदा कात्तिकमा ५१७ जनामात्र उक्त मुलुक गएका छन् ।

साउदीमा हाल लोड/अनलोड वर्कर, क्यारियर, हवीलब्यारो वर्कर, कन्स्ट्रक्सन र कन्स्ट्रक्टिङ वर्क गरी पाँच वटा क्षेत्रका लागि सीप प्रमाणीकरण आवश्यक पर्छ । युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले परीक्षण गर्न योग्य भन्दै गत कात्तिक २० गते नेपालका २१ वटा संस्था सूचीकृत गरेको छ । जसमध्ये १५ वटा संस्थाले पाँचवटै क्षेत्रको तालिम दिने र बाँकी संस्थाले केही क्षेत्रको मात्र तालिम दिनसक्ने भनिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सुनकोशी–मरिनको ठेक्का रद्द प्रकरण

सरकारको निर्णयमाथि लेखा समितिमा प्रश्न

सात दिनभित्र कागजात पेस गर्न निर्देशन

■ जेबी योञ्जन

काठमाडौं– राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको नयाँ ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेर रद्द गरिएको विषयले प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारमाथि गम्भीर प्रश्न उठाएको छ ।

ठेक्का रद्द गर्ने निर्णयको कानुनी आधार, आर्थिक क्षति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिकादेखि मधेसका किसानले गुमाएको सिँचाइ सुविधासम्मका विषय प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा उठेका छन् । आयोजनाको नयाँ ठेक्का प्रक्रिया रद्द गरिएको विषयमा परेको निवेदनमाथि मंगलबार प्रारम्भिक छलफल गरेको समितिले सम्बन्धित निकायसँग सात दिनभित्र आवश्यक कागजात उपलब्ध गराउन निर्देशन दिएको छ ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक दिनेश रजौरिया, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सुशील आचार्यलगायतसँग छलफल गरेपछि समितिले थप अध्ययन गर्ने निर्णय गरेको हो । समिति सभापति भरतबहादुर खड्काले भने, 'म सात दिनभित्र आवश्यक कागजात उपलब्ध गराउन निर्देशन गर्दछु । कागजात प्राप्त भएपछि हामी थप अध्ययन गरेर यो विषयको निरूपण गर्नेछौं ।'



करिब एक घण्टा चलेको छलफलमा सरकारको निर्णय प्रक्रियामाथि सांसदहरूले प्रश्नैप्रश्न उठाए । राष्ट्रिय गौरवको आयोजना सञ्चालनमा देखिएको ढिलाइ, खरिद प्रक्रिया बीचमै रद्द गर्नुको औचित्य र त्यसबाट राज्यलाई पर्ने आर्थिक भारबारे सरकारले स्पष्ट जवाफ दिन सकेको छैन ।

आयोजनाले गत २५ जेठमा सिभिल, हाइड्रोमेकानिकल तथा सम्बन्धित संरचना निर्माणका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । तीनवटा कम्पनी प्राविधिक मूल्यांकनमा उत्तीर्ण भएपछि आर्थिक प्रस्ताव खोल्ने तयारी भइरहेका बेला कात्तिक दोस्रो साता बोलपत्र प्रक्रिया रद्द गरियो ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ (२) लाई आधार बनाएर प्रक्रिया रद्द गरिएको आयोजनाको भनाइ छ । तर प्रतिस्पर्धा अन्तिम चरणमा पुगिसकेको अवस्थामा एकाएक प्रक्रिया रद्द गर्नुको औचित्यमाथि सांसदहरूले प्रश्न गरेका छन् । नेकपाका सांसद महेन्द्रबहादुर शाहीले प्रश्न गरे, 'प्राविधिक मूल्यांकन पूरा भइसकेको र आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगिसकेको प्रक्रिया किन रद्द गर्नुपऱ्यो ?

⏭ क्रमशः पृष्ठ २ मा

“ म सात दिनभित्र आवश्यक कागजात उपलब्ध गराउन निर्देशन गर्दछु । कागजात प्राप्त भएपछि हामी थप अध्ययन गरेर यो विषयको निरूपण गर्नेछौं ।

■ भरतबहादुर खड्का
सभापति, सार्वजनिक लेखा समिति

प्राविधिक मूल्यांकन पूरा भइसकेको र आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगिसकेको प्रक्रिया किन रद्द गर्नुपऱ्यो ?

■ महेन्द्रबहादुर शाही
सांसद, नेकपा

मैले एक्जाम दिएर, प्रश्नपत्रको जवाफ लेखिसकेपछि, कोइसनको जवाफ दिइसकेपछि एन्सर पेपर बुझाइसकेपछि तपाईं प्रश्न बदल्न पाउनुहुन्छ ? त्यो कसरी लागू हुन्छ ?

■ मनिष झा
सांसद, रास्वपा



देउवा पक्षमा लागेका जनप्रतिनिधिलाई कारबाही गर्दै गगन

- राष्ट्रिय सभामा कांग्रेसका २४ सांसदमध्ये नौ जना देउवा पक्षमा खुलेका छन्
- प्रदेशसभातर्फ ३५ भन्दा बढी प्रदेश सांसद देउवा पक्षमा
- स्थानीय तहमा कति जनप्रतिनिधि देउवा समूहको महाधिवेशनमा लागेका छन् भनी तथ्यांक संकलन गर्दै कांग्रेस

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाली कांग्रेसका सभापति गगन थापाले पूर्वसभापति शेरबहादुर देउवा पक्षमा लागेका जनप्रतिनिधिहरूलाई तत्काल पदबाट राजीनामा दिन आग्रह गरेका छन् । सभापति थापाले देउवा समूहको महाधिवेशनमा भाग लिएका कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिलाई तत्काल पदबाट राजीनामा दिन भनेका हुन् ।

मंगलबार ललितपुरस्थित पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै थापाले राष्ट्रिय सभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिलाई राजीनामा दिन भनेका हुन् । 'तपाईं प्रदेशसभामा हुनुहुन्छ, तपाईं स्थानीय नगरपालिकाको मेयर उपमेयर हुनुहुन्छ, वडा अध्यक्ष हुनुहुन्छ, म जान्दिनँ । तपाईंले कांग्रेसको सदस्यता छाडेर अर्को कुनै पार्टीको सदस्यता लिन जानुभयो भनेचाहिँ कृपया कांग्रेसको अहिले भएको राष्ट्रिय सभाको सदस्य, प्रदेशसभाको सदस्यबाट राजीनामा गर्नुहोला,' थापाले भने ।

उनले राजीनामा दिन भनेका प्रदेशसभा र स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल भने सकिनै लागेको छ । सरकारले स्थानीय तहको निर्वाचन वैशाखमा र प्रदेशसभाको निर्वाचन मंसिरमा गर्ने तयारी थालिसकेको छ । राजीनामा नदिए पार्टीबाट निकाल्ने चेतावनीसमेत सभापति थापाले दिए । 'तपाईंले राजीनामा गर्नुभएन भने जे गर्नुपर्ने हो पार्टीको विधानले गर्छ । किनकि पार्टीको विधानको कार्यान्वयन गर्नु गराउनु मेरो दायित्व हो, मेरो जिम्मेवारी हो,' सभापति थापाले भने ।

राष्ट्रिय सभामा कांग्रेसका २४ सांसदमध्ये नौ जना देउवा पक्षमा खुलेका छन् । कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना, जीतजंग बस्नेत, कृष्णप्रसाद पौडेल, खम्मबहादुर खाती, जगत तिमिल्सिना, नारायणदत्त भट्ट देउवा पक्षमा खुलेर लागेका सांसदहरू हुन् । विष्णुदेवी पुडासैनी र चन्द्र केसी पनि देउवा पक्षका सांसद हुन् । देउवा समूहका रञ्जित कर्ण महाधिवेशनमा केन्द्रीय सदस्यमा भिडेका थिए । महाधिवेशनमा पराजित उनी हाल मौन छन् । देउवा समूहमा लागेकै कारण सभापति थापाले सिटौलालाई राष्ट्रिय सभाका संसदीय दलको नेताबाट हटाएका थिए । यसैगरी कृष्णप्रसाद पौडेललाई पार्टीको मुख्यसचिवबाट हटाएका थिए ।

प्रदेशसभातर्फ ३५ भन्दा बढी प्रदेश सांसद देउवा पक्षमा खुलेका छन् । कोशी प्रदेशसभामा कांग्रेसका २९ सांसद रहेकामा केदार कार्की, भूपेन्द्र राई र रामकुमार खत्री देउवा पक्षमा छन् । कार्की विशेष महाधिवेशनमासमेत उपस्थित भएका थिए भने राई कोशी कांग्रेसको महामन्त्री हुन् ।

मधेसमा कुनै सांसद देउवाको पक्षमा लागेका छैनन् । बागमतीमा ३६ सांसदमध्ये विमल ठकुरी, दिपेन्द्र श्रेष्ठ, श्याम खड्का, गोविन्द लम्साल, विनु रायमाझी, माया श्रेष्ठ, कञ्चन वादे र मसिना खड्का देउवा पक्षमा लागेका छन् । गण्डकीको प्रदेशसभामा रहेका २७ कांग्रेस सांसदद्वय जीत शेरचन र दिपेन्द्र थापा देउवा पक्षमा छन् । लुम्बिनीमा २८ जना प्रदेश सांसदमध्ये देउवा पक्षमा रोज राणा र माया पुन खुलेका छन् । देउवा पक्षले राणालाई लुम्बिनी प्रदेशको सभापति र पुनलाई उपसभापति बनाएको छ ।

कर्णालीमा देउवा पक्षको महाधिवेशनमा कुनै प्रदेश सांसद लागेका छैनन् ।सुदूरपश्चिममा कांग्रेसका १७ सांसदमध्ये कमलबहादुर शाह, मेघराज खड्का, प्रकाशबहादुर बम, डम्मरी महरा, सरस्वती खड्का, शिवराज भट्ट, मधु भारती छन्, विक्रम धामी र गीता चौधरी देउवा पक्षमा लागेका छन् । स्थानीय तहमा कांग्रेसबाट निर्वाचित र हाल देउवा पक्षको महाधिवेशनमा सक्रिय जनप्रतिनिधिको तथ्यांक संकलन जारी रहेको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभाका सांसदबारे भने मौन

देउवा समूहको महाधिवेशनमा भाग लिएका जनप्रतिनिधिहरूलाई कारबाहीको चेतावनी दिएका गगनले प्रतिनिधिसभा सदस्यहरू भने मौन बसेका छन् । प्रतिनिधिसभामा कांग्रेसका ३८ सांसदमध्ये प्रत्यक्षतर्फ चार जना र समानुपातिकतर्फ ११ जना निर्वाचित भएका थिए । मनाङबाट टेकबहादुर गुरुङ, पाल्पा-१ बाट सन्दीप राना, हुम्लाबाट जयपति रोकाया, जाजरकोटबाट खड्कबहादुर बुढा र सुर्खेत-१ बाट विष्णुबहादुर खड्काले प्रत्यक्षमा निर्वाचन जितेका थिए ।

समानुपातिक प्रणालीबाट भीष्मराज आङ्देम्बे, गीता गुरुङ, सुशीला ढकाल आचार्य, निनुकुमारी कर्ण, शाहजान खातुन, मदनकृष्ण श्रेष्ठ, गंगालक्ष्मी अवाल, पवित्रा विक, सीता थपलिया (उर्मिला) र हरिनादेवी कामी सांसद बने । अहिले देउवामा समानुपातिक तर्फबाट प्रतिनिधिसभा सदस्य रहेका हरिनादेवी, सुशिला, निनुकुमारी र रीना उप्रेती देउवा पक्षमा खुलेका छन् । पूर्वसभापति देउवा समूहले मंसिर २१ देखि काठमाडौंको खुल्लामञ्चमा १५औं महाधिवेशन गर्दै छ ।

नक्कली शैक्षिक प्रमाणपत्र पेस गर्ने कर्मचारीविरूद्ध मुद्दा

काठमाडौं (प्रस)– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर करार सेवामा कार्यरत एक कर्मचारीविरुद्ध मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

प्यूठानको सरूमारानी गाउँपालिका-४ का भोजबाबु सोमै मगरले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी रूम्जाटार माध्यमिक विद्यालय र त्यसपछि खानेपानी मन्त्रालय संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बुटवलमा सव-इञ्जिनियर पद (करार) मा जागिर खाएको भन्दै आयोगले उनीविरुद्ध आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार करारका कर्मचारी मगरले डिप्लोमा इन सिभिल इञ्जिनियरिङ तहको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरबाट जारी भएको देखिने झूटा तथा नक्कली प्रमाणपत्र पेस गरी सार्वजनिक पद, ओहदा, लाभ र सुविधा लिएको देखिएकाले आरोपपत्र दायर गरिएको हो ।

करार कर्मचारी मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

सरकारको निर्णयमाथि...

खरिद कारबाही रद्द गर्दा आयोजनाको लागत र समयावधि तथा राज्यको सार्वजनिक कोषमा पर्ने क्षतिको दायित्व कसले बेहोर्छ ?'

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले पनि सरकारको निर्णयमाथि प्रश्न उठाए । उनले आयोजनाको १३.३ किलोमिटर सुरुङमार्ग सन् २०२४ मै 'ब्रेक थ्रु' भइसकेको स्मरण गराउँदै त्यसपछि पनि निर्माण अघि बढ्न नसकेको विषय उठाए । उनको प्रश्न थियो, 'टनेल पनि मे २०२४ मै ब्रेक थ्रु भइसक्यो । तर त्यसको दुई वर्षभन्दा बढी समय भइसक्दा पनि काम अगाडि बढेको छैन । यो नबढ्नुको कारण के हो ?'

वालेन्द्र सरकारले नयाँ सार्वजनिक खरिद नियमावलीको १६औं संशोधनअनुसार जटिल संरचनाको ठेक्कामा 'रेटेड प्वाइन्ट क्राइटेरिया' लागू गर्नुपर्ने भन्दै पुरानो प्रक्रिया रद्द गरेको स्पष्टीकरण दिएको छ । तर, बोलपत्र आह्वान र प्राविधिक मूल्यांकन भइसकेपछि संशोधित नियमावली लागू गर्नुको कानुनी आधार के हो भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ समितिले पाउन सकेन ।

रास्वपा सांसद झाले सरकारको निर्णयलाई परीक्षाको उदाहरण दिएर प्रश्न गरे, 'मैले एक्जाम दिएर, प्रश्नपत्रको जवाफ लेखिसकेपछि, कोइसनको जवाफ दिइसकेपछि एन्सर पेपर बुझाइसकेपछि तपाईं प्रश्न बदल्न पाउनुहुन्छ ? त्यो कसरी लागू हुन्छ ?' उनले सुरु भइसकेको खरिद प्रक्रियामा पछि संशोधन भएको कानुन लागू गर्नुको औचित्य खोजेका छन् ।

नेकपा एमालेका सांसद गणेशसिंह ठगुन्नाले पनि विभागका महानिर्देशकको जवाफमा चित्त बुझाएनन् । उनले भने, 'संशोधन लागू गर्ने समय, बोलपत्र प्रक्रियाको अवस्था र नियमावलीको व्यवस्थालाई कुन आधारमा उक्त प्रक्रियामा लागू गरिएको हो भन्ने विषयमा स्पष्टता हुन सकेन । यसकारण यहाँको जवाफबाट चित्त बुझाउन सकिने अवस्था रहेन ।'

ठेक्का रद्द गर्दा राज्यलाई कति आर्थिक क्षति भयो भन्ने प्रश्नमा पनि सरकार स्पष्ट देखिएन । कांग्रेस सांसद जनकराज गिरीले सार्वजनिक वित्तीय अनुशासनमाथि नै प्रश्न उठाउँदै राष्ट्रिय गौरवका आयोजना नियम परिवर्तनको नाममा पटक-पटक रोक्ने प्रवृत्तिले राज्यलाई ठूलो आर्थिक भार पार्ने बताए ।

उनले पुरानो ठेक्का तोडिएपछि नयाँ ठेक्का लगाउँदा निर्माण लागत कति बढ्छ, आयोजना कति समय पछाडि धकेलिन्छ र त्यसको आर्थिक दायित्व कसले लिन्छ भन्ने जवाफ मागे । तर मन्त्रालयका सहसचिव सुशील आचार्यले तत्काल आर्थिक क्षतिको यकिन गर्न नसकिने जवाफ दिए । उनले भने, 'एउटा बिड क्यान्सिल भएर अब अर्को बिडमा जाँदाखेरि ठूलो आर्थिक नोक्सानी भएको भन्ने जुन कुरा छ, त्योचाहिँ अहिले निर्क्योल गर्न नसकिनेजस्तो लाग्छ मलाई ।'

अर्थात्, राष्ट्रिय गौरवको आयोजना किन रोकियो र त्यसबाट राज्यले कति मूल्य चुकाउनुपर्छ भन्ने प्रश्नको जवाफ सरकारसँग तत्काल छैन ।

यस प्रकरणमा यसअघि पटेल-रमण जेभीसँग भएको ठेक्का तोडिएको विषय पनि जोडिएको छ । पुरानो ठेक्का तोडिएपछि बाँकी कामका लागि नयाँ बोलपत्र आह्वान गरिएको थियो । तर, नयाँ प्रक्रिया पनि रद्द भएपछि पुरानो ठेकेदारबाट क्षतिपूर्ति असुली, बैंक जमानत जफत र राज्यको आर्थिक दायित्वको विषय थप पेचिलो बनेको छ ।

कांग्रेस सांसद गिरी र योगेश गौचन थकालीले यस विषयमा छानबिन गर्न समितिमा लिखित निवेदनसमेत दिएका छन् । उनीहरूले पुरानो ठेक्का तोडिएपछि राज्यले प्राप्त गर्नुपर्ने क्षतिपूर्ति र नयाँ ठेक्का रद्द गर्दा त्यसमा पर्ने प्रभावबारे अनुसन्धान गर्न माग गरेका छन् । ठेक्का रद्द प्रकरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिकाले पनि थप शंका जन्माएको छ । विभागका महानिर्देशक र आयोजना प्रमुखलाई प्रहरी नियन्त्रणमा लिएर प्रधानमन्त्री कार्यालय पुऱ्याइएको र ठेक्का रद्द गर्न दबाब दिइएको भन्ने सार्वजनिक विवरणबारे सांसदहरूले जवाफ मागेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद खुस्बु ओलीले महानिर्देशक रजौरियालाई प्रधानमन्त्री कार्यालयमा गएको विषयको सत्यतथ्य स्पष्ट पार्न आग्रह गरिन् । उनले भनिन्, 'प्रधानमन्त्रीको कार्यालयको क्षेत्राधिकारभित्र गौरवका आयोजनाको प्रतिवेदन स्वाभाविकरूपमा पर्छ । उहाँले हस्तक्षेप पनि गर्न पाउनुहुन्छ । तर त्यसको कानुनी प्रक्रियाको विषयमामात्रै प्रश्न हो । यहाँहरूलाई त्यो (दबाब) भएको थियो कि थिएन ? पुष्टि गरिदिनुहोस् ।'

जवाफमा महानिर्देशक रजौरियाले प्रधानमन्त्री कार्यालय गएको स्वीकार गरे । तर दबाब र हस्तक्षेप नभएको दाबी गरे । उनले भने, 'प्रधानमन्त्री कार्यालय अवश्य म गएको हुँ । निर्देशक पनि जानुभएको हो । तर कुनै प्रकारको नियन्त्रण अथवा हस्तक्षेप मैले अनुभूति गरेको होइन ।'

तर, प्रधानमन्त्री कार्यालयको भूमिका र ठेक्का रद्द गर्ने निर्णयबीचको सम्बन्धबारे उठेका प्रश्न भने अझै निरूपण हुन सकेका छैनन् । मन्त्रालयका सहसचिव आचार्यले पनि यस विषयमा स्पष्ट जवाफ दिएनन् ।

सरकारको निर्णयको सबैभन्दा ठूलो असर आयोजनाबाट लाभान्वित हुने मधेसका किसानमा पर्ने देखिन्छ । सुनकोशीको पानी मरिन नदी हुँदै मधेसका पाँच जिल्लाका करिब एक लाख ८० हजार बिघा जमिनमा पुऱ्याउने लक्ष्यसहित आयोजना अघि बढाइएको हो । यसबाट २८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसमेत छ । तर ठेक्का रद्द र निर्माणमा भइरहेको ढिलाइले किसानले सिँचाइको सुविधा पाउने समय अनिश्चित बनेको छ ।

■■■

सीप प्रमाणीकरणको...

सूचीकृत संस्थाहरूमा १५ वटा उपत्यकाभित्र, दुईवटा पोखरामा तथा अन्य सुनसरी, पोखरा, चितवन, सप्तरी र जनकपुरमा रहेका छन् । संस्थाहरू सूचीकृत भएको एक महिना पुग्न लाग्दा पनि परीक्षण सुरु नहुँदा व्यवसायीको चिन्ता बढेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले बताए । श्रमिकसँग प्रत्यक्ष जोडिएको विषयलाई कार्यान्वयनमा ल्याउन लामो समय लाग्दा उक्त मुलुक जाने तयारीमा रहेका श्रमिकहरू ठूलो समस्यामा परेको पौडेलको भनाइ छ ।

'साउदीमा श्रमिक पठाउने पाँचदेखि ६०० व्यवसायी हुनुहुन्छ । सरकारले परीक्षण गर्ने संस्था सूचीकृत गरे पनि काम सुरु भएको छैन,' उनले भने, 'भारतबाट गराउँदा श्रमिकको तीन गुणा बढी खर्च हुने हुँदा साउदी जानेहरूको संख्यामा ठूलो गिरावट आएको छ ।'

पछिल्लो समय नेपालीहरूको प्रमुख श्रम गन्तव्य मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई) लगायतका मुलुकमा विभिन्न समस्या देखिएको छ । यस्तो अवस्थामा महत्त्वपूर्ण मानिएको साउदीको रोजगारी धराशायी बन्दा सरकारले चासो नदिएको व्यवसायी अख्तर हुसेनले बताए ।

'सूची तयार भए पनि साउदी दूतावासले त्यसको अनुगमन गर्ने रे भन्नेचाहिँ सुनेको छु,' उनले भने, 'धेरै श्रमिक जाने मुलुकमै यस्तो अवस्था आउँदा हामी त मारमा पऱ्यौं नै श्रमिकहरू झन् ठूलो समस्यामा परेका छन् । सीप परीक्षण गर्ने संस्थाको सूची तयार भइसक्दा सरकारले किन थप चासो दिएको छैन त्यो थाहा भएन ।'

सीप प्रमाणीकरण आवश्यक भनिएका पाँचवटा क्षेत्रभित्र विभिन्न पेसा पर्ने हुँदा यसकै कारण साउदीबाट आउने ३० वटाभन्दा बढी पेसाको माग गुम्दै गएको व्यवसायीहरूको भनाइ छ । गत असार २ गते नेपालस्थित साउदी दूतावासले सूचना जारी गर्दै ३ गतेबाट रोजगारीमा जाने कामदारको अनिवार्य सीप प्रमाणीकरण गर्ने भनेको थियो । सोही दिन नै सीप प्रमाणीकरण गर्ने संस्था स्थापनाको तयारी भएपछि व्यवसायीले संस्थामा तोडफोड गरेर उद्घाटन समारोह बिथोलिदिएका थिए ।

यद्यपि, साउदी जान सम्पूर्ण प्रक्रिया पूरा गरेर बसेका श्रमिकहरूको भिसा रोकिएपछि केही व्यवसायीले सरकारबाट आधिकारिकता नपाएकै संस्थामार्फत प्रमाणीकरण गराएर पठाए । तर साउन ६ गते सीप प्रमाणीकरण गरिरहेको इण्डस्ट्रिी ट्रेनिङ इन्स्टिच्युट (आइटिआई)मा श्रम मन्त्रालयले सिलबन्दी गरेपछि पाँचवटा क्षेत्रको रोजगारी अवरुद्ध भएको छ ।

सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १९९ मंसिर ८ गते २०८३ मा प्रकाशित Manispower Overseas Employment And Promoter Private Limited को LT No. 320067 भएको कम्पनीको नाम Ocean7 Recruitment Sole proprietorship L.L.C. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Kathmandu, Nepal, Tel: 01-4047201/04, Umesh Thapa 9841201569
E-mail : contact@mojobs.com, Web: www.mojobs.com
Govt. License No. 1694/081/082

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७४।०४।११ मा दर्ता भएको प्रा.लि.नं. १७१७४२ को **ईकोहलपुर प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०८/०८ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' वमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५९/१२/०४ मा दर्ता भएको प्रा.लि.नं. २३०६८ को **मेचिनडेन इन्टरनेशनल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/०३/०१ मा दर्ता कायम भएको **रेलमिट टि.सी. सफ्टवेयर प्रा.लि. (प्रा.लि.नं.३६८७१४/०७१/०७२)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/०८ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर श्री नीलकण्ठ पोखरेल
इजाजत प्रमाण पत्र नं.५१२, फोन नं.९८५१००६०६४

साधारण सभा सम्बन्धी सूचना

यस जलजला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को मिति २०८३ मंसिर ०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार ११ औं साधारण सभा निम्न मिति, स्थान र समयमा हुन गईरहेको जानकारी गराँउदै यस सहकारी संस्थाका सम्पुर्ण शेयर सदस्य ज्युहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

जलजला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
मिति: २०८३/०८/२६
स्थान: ल.पु.न.पा. पुल्चोक-३, सहकारीको कार्यालयको परिसर
समय: ११ बजे देखि ३ बजे सम्म
फोन नं. ०१-५४०९०६९

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/०६ मा दर्ता कायम भएको **पृक्ली पियर प्रा.लि. (प्रा.लि.नं.१९६७९३/०७५/०७६)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/०८ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर अधिवक्ता मोहनचन्द्र पौड्याल
इजाजत प्रमाण पत्र नं.३६८, फोन नं.९८५१०५२२७९

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७१/०५/०६ मा दर्ता भएको **ब्लुजग प्राइभेट लिमिटेड (प्रा.लि. नं. १२५८१९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

बोल पत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री बितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०९

श्री टुडिखेल सा.व.उ.स. मरिण गा.पा.वडा नं.-१ र २ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ७५ को ५५८.१६ क्यू.फिट गोलिया साल जातको काठ र साल दाउरा ०.०० चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री टुडिखेल सा.व.उ.स.,
मरिण गा.पा.वडा नं.-१ र २

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०६१/११/१४ मा दर्ता भएको **वैद्य पेन्ट्स प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३३०६६)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

बोल पत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री बितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०९

श्री नरदेवी सा.व.उ.स. मरिण गा.पा.वडा नं.-३ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ६२ को ६७९.७६ क्यू.फिट गोलिया साल जातको काठ र साल दाउरा ०.०० चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री नरदेवी सा.व.उ.स.,
मरिण गा.पा.वडा नं.-३

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धि ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०८/०९ गते

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०४/२४ मा प्रा.लि. नं. ३४१५१५ मा दर्ता **आरडेन्ट आई टी सोलुसन्स् प्रा.लि.** को मिति २०८३/०८/०८ मा सम्पन्न विशेष बैठकको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोहि कसैको कुनै किसिमको लेनदेन वा बाकी बक्यौता रहेको भए यो सूचना प्रकाशन गरिएको मितिले **३५ दिन** भित्र निम्न लिखीत लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर : नारायण प्रसाद रेग्मी (इजाजतपत्र ६१८)
काठमाडौं सम्पर्क नं. ९८५११९०७९४

पार्किन्सन्स रोग सचेतनामा जोड

काठमाडौं (प्रस)– नेपालमा पार्किन्सन्सका बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएकाले सो रोगबारे जनचेतना अभिवृद्धि गर्न तथा बिरामी र हेरचाहकर्तालाई उपचार, पुनर्स्थापना र रोग व्यवस्थापनमा ध्यान दिनुपर्ने विज्ञहरूले सुझाव दिएका छन् ।

अन्तर्राष्ट्रिय पार्किन्सन्स तथा मुभमेन्ट डिसअर्डर सोसाइटीको सहयोगमा सेन्टर फर रिसर्च पोलिसी एण्ड इम्प्लिमेन्टेसन, विराटनगर र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको स्नायु रोग विभागले मंगलबार यहाँ आयाजना गरेको कार्यक्रममा विज्ञले बिरामी, परिवार र स्वास्थ्यकर्मीबीच रोगबारे साझा बुझाइ आवश्यक रहेको बताए ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालका उपनिर्देशक प्राध्यापक डा. गोपाल सेढाईले नेपालमा पार्किन्सन्स रोगसम्बन्धी जनचेतना विस्तार, उपचार तथा बिरामी व्यवस्थापन उत्कृष्ट बनाउन बहुविशेषज्ञ मञ्च गठन गर्नुपर्नेमा जोड दिए। उनले भविष्यमा बिरामीलाई बहिरंग तथा अन्तरंग सेवामा सहज पहुँच पाउनेगरी थप काम गर्नुपर्ने आवश्यकता औंल्याए । स्नायुरोग विशेषज्ञ डा. राजीव ओझाले पार्किन्सन्स रोगको बढ्दो प्रचलन, यसका विभिन्न जोखिम कारक, रोगका क्लिनिकल लक्षण तथा नेपालमा उपलब्ध उपचार विधिबारे जानकारी दिए ।

डा. मनकुमार तामाङले यस रोगको उपचारसम्बन्धी उपलब्ध क्लिनिकल परीक्षणबारे जानकारी गराएका थिए। न्युरोसर्जन डा. अमित प्रधानांगले डिप ब्रेन स्टिमुलेसनको संकेत र परिणामबारे प्रस्तुति दिएका थिए भने जेरियाट्रिसियन डा. ऊर्जा भट्टराईले पार्किन्सन्स रोगसँगै देखिने बहुरोगावस्था तथा रोग व्यवस्थापनमा शारीरिक गतिविधि र पोषणको आवश्यकतामा जोड दिए।

छलफलका क्रममा अभियन्ता बनिता खनालले बिरामीले अपोइन्टमेन्ट (समय) पाउन र पार्किन्सन्स रोगका औषधि प्राप्त गर्न भोग्नुपरेका कठिनाइबारे सुनाइन् । नेपालमा अझै धेरै औषधि उपलब्ध नभएकाले सरकारले तिनको सहज पहुँच सुनिश्चित गर्न प्रक्रिया अघि बढाउनुपर्ने उनको भनाइ थियो । बिरामीका हेरचाहकर्तालाई सरकारले दिँदै आएको एक लाख रूपैयाँको सहयोग पनि सीमित भएकाले बढाउनुपर्ने उनले बताइन् ।

यस्तै, डिप ब्रेन स्टिमुलेसनको खर्च महँगो भएकाले अधिकांश पार्किन्सन्स बिरामीको पहुँचमा नभएकाले सरकारले थप अनुदान उपलब्ध गराउनुपर्नेमा जोड दिइएको थियो ।

भेरी अस्पतालमा न्युरो सर्जरी तथा प्लास्टिक सर्जरी सेवा सुरू

बाँके– भेरी अस्पताल, नेपालगञ्जमा न्युरो सर्जरी तथा प्लास्टिक सर्जरी सेवा सुरु भएको छ । विशेषज्ञ स्वास्थ्य सेवालाई थप विस्तार गर्दै दुई वर्षदेखि बन्द रहेको सो सेवा पुन: सञ्चालनमा ल्याइएको भेरी अस्पतालका मेडिकल सुपरीटेण्डेण्ट डा. नवीन दर्नालले जानकारी दिए ।

उक्त सेवाको सुरुआतसँगै यस क्षेत्रका बिरामीले न्युरो तथा प्लास्टिक सर्जरीसम्बन्धी विशेषज्ञ स्वास्थ्य सेवा आफ्नै क्षेत्रमा सहजरूपमा प्राप्त गर्न सक्ने उनले बताए ।

भेरी अस्पतालको ६ नं. ओपिडी (बहिरंग सेवा) बाट प्रत्येक साताको मंगलबार र बिहीबार न्युरो सर्जरी तथा प्लास्टिक सर्जरीसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध हुने छ । 'यसले सम्बन्धित समस्याबाट प्रभावित बिरामीहरूलाई समयमै विशेषज्ञ चिकित्सकीय परामर्श, रोग पहिचान तथा उपचारको पहुँचमा सहजता प्रदान गर्ने छ,' डा. दर्नालले भने ।

सेवाका लागि भेरी अस्पतालमा न्युरो सर्जन डा. आलोकचन्द्र ठाकुर तथा प्लास्टिक सर्जन डा. नोबेल पोखरेलको विशेषज्ञ सेवा उपलब्ध हुने छ। अस्पतालले दुवै विशेषज्ञ चिकित्सकलाई स्वागत गर्दै उनीहरूको विशेषज्ञता, ज्ञान, सीप र अनुभवबाट यस क्षेत्रका नागरिकले गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरेको छ । *रासस*

हिमालयको हिमक्षेत्रबारे क्षेत्रीय सहकार्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

■ प्रभाव संवाददाता

काठमाडौं– हिन्दूकुश हिमालय क्षेत्रको हिममण्डलमा भइरहेको तीव्र परिवर्तन, त्यसको प्रभाव र जोखिम न्यूनीकरणका उपायबारे छलफल गर्न काठमाडौंमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना हुने भएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को आयोजनामा आगामी नोभेम्बर २५ देखि २७ (मंसिर ९ देखि ११)सम्म ललितपुरको खुमलटारस्थित इसिमोडको कार्यालयमा 'एचकेएच क्रायोस्फियरका लागि विज्ञान, नीति तथा क्षेत्रीय सहकार्य प्रवर्द्धनसम्बन्धी अन्तर र ष्ट्रिय सम्मेलन' हुन लागेको हो ।

सम्मेलनमा हिन्दूकुश हिमालय क्षेत्रमा हिउँ र हिमनदी पग्लिने क्रम, हिमताल विस्फोटजन्य बाढी, हिमपहिरो, जलस्रोत तथा पर्वतीय समुदायको जीविकोपार्जनमा जलवायु परिवर्तनले पारेको प्रभावबारे छलफल हुने इसिमोडले जनाएको छ ।

इसिमोडका अनुसार हिन्दूकुश हिमालय क्षेत्रमा ध्रुवीय क्षेत्रबाहिर विश्वकै सबैभन्दा ठूलो हिमभण्डार रहेको छ । यस क्षेत्रबाट बग्ने नदीमा करिब दुई अर्ब मानिस निर्भर छन् । सन् १९७५ यता केही क्षेत्रमा हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको अध्ययनले देखाएको छ ।

हिमनदी पग्लिने क्रम तीव्र हुँदै गए पनि त्यसको नियमित अनुगमन र तथ्यांक संकलनमा चुनौती देखिएको छ । अनुगमनमा रहेका ३८ हिमनदीमध्ये १८ प्रतिशतलेमात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजिएमएस)ले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका छन् । उक्त मापदण्ड पूरा गर्न कम्तीमा १० वर्षसम्म निरन्तर अवलोकन आवश्यक हुन्छ । तथ्यांकको अभावले हिमनदीमा भइरहेको परिवर्तनको दीर्घकालीन अनुमान, विपद् पूर्वतयारी तथा सरकार र समुदायले लिनुपर्ने नीतिगत निर्णय प्रभावित भइरहेको सम्मेलनको अवधारणामा उल्लेख छ ।

सम्मेलनमा हिमनदी तथा हिउँको अवस्था, हिमताल विस्फोटजन्य बाढी र हिमपहिरोको जोखिम, नदी प्रणाली, जलविद्युत्, सिँचाइ तथा पर्वतीय समुदायको जीविकोपार्जनमा पर्ने प्रभावलगायत विषयमा छलफल हुने छ । साथै वैज्ञानिक अनुसन्धानलाई नीतिनिर्माणसँग जोड्ने, तथ्यांक आदानप्रदान गर्ने, क्षेत्रीय सहकार्य विस्तार गर्ने र लगानी बढाउने विषयमा पनि विमर्श हुने छ । इसिमोडले स्विस पोलार इन्स्टिच्युट, क्रायोस्फियर फाउण्डेसन, पोलार रिसर्च सेन्टर र खलिफा विश्वविद्यालयसँगको सहकार्यमा सम्मेलन आयोजना गर्न लागेको हो । सम्मेलनलाई स्विस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेसनले सहयोग गरेको छ ।

जलवायु तथा वातावरणीय जोखिम प्रमुख चियाडगोड झाडले क्रायोस्फियर विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय कार्य दशकका सन्दर्भमा विज्ञान, नीति र क्षेत्रीय सहकार्यलाई एकै ठाउँमा ल्याउनु महत्त्वपूर्ण कदम भएको बताएका छन् । उनले क्रायोस्फियरसम्बन्धी वैज्ञानिक प्रमाण, नीतिगत निर्णय र लगानीबीचको सम्बन्ध सुदृढ बनाउनुपर्नेमा जोड दिए ।

हिन्दूकुश हिमालय क्षेत्रमा बढ्दै गएका हिममण्डलीय जोखिमको व्यवस्थापन, जलसुरक्षा, जनजीविकाको संरक्षण तथा पारिस्थितिक प्रणालीको दिगोपन सुनिश्चित गर्न विज्ञानमा आधारित निर्णय र क्षेत्रीय सहकार्य महत्त्वपूर्ण हुने झाडको भनाइ छ । उनले वैज्ञानिक तथ्यलाई नीतिगत निर्णय र लगानीसँग जोड्न सकेमात्रै यस क्षेत्रका साझा चुनौतीको प्रभावकारी सम्बोधन गर्न सकिने धारणा व्यक्त गरे ।

युएइमा रोजगार कम्पनी : ANCHOR ALLIED FACTORY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 326322 चलानी नं. ६०२४०३७८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	23	0	900	३६,५६५	कु.नि. अनुसार	८ घण्टा	६ दिन	कु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिबे हि-मेडिकल खर्च गरेको भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिबे बिमा खर्च गरेको व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र कति तिर्ने	बिमा शुल्क गरेको दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र कति तिर्ने (सरसपफाप)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अतिरिक्तिकरण शुल्क कति लाग्ने र कोसंग व्यहोर्ने	बिमा स्टाम्पिस शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३७८ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वदृष्टको जानकारी: १) आफ्नो नाममा बिना प्राप्त भई जाने लिखित भारपाँति मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौं पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) जानमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्म सम्पर्क गर्नुहोला ।

Govt.Lic. No. 1590/079/80

Fix Job Overseas Pvt. Ltd.

Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

युएइमा रोजगार कम्पनी : TRANSGUARD GROUP LLC

शेवा शुल्क: नि.शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 350728 चलानी नं. ६०२६३७५२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Famale)	150	0	1000	८०,६२९	कु.नि. अनुसार	८ घण्टा	६ दिन	कु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिबे हि-मेडिकल खर्च गरेको भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिबे बिमा खर्च गरेको व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र कति तिर्ने	बिमा शुल्क गरेको दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र कति तिर्ने (सरसपफाप)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अतिरिक्तिकरण शुल्क कति लाग्ने र कोसंग व्यहोर्ने	बिमा स्टाम्पिस शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	निःशुल्क	रु.२,२९५ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वदृष्टको जानकारी: १) आफ्नो नाममा बिना प्राप्त भई जाने लिखित भारपाँति मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौं पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) जानमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्म सम्पर्क गर्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

युएइमा रोजगार कम्पनी : AL TAER AL ASWAD TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०८/९३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 345744 चलानी नं. ६०१६०१८३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner/packer/picker	14	0	1400	५६,८८०	कु.नि. अनुसार	८ घण्टा	६ दिन	कु.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिबे हि-मेडिकल खर्च गरेको भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिबे बिमा खर्च गरेको व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र कति तिर्ने	बिमा शुल्क गरेको दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र कति तिर्ने (सरसपफाप)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अतिरिक्तिकरण शुल्क कति लाग्ने र कोसंग व्यहोर्ने	बिमा स्टाम्पिस शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,२९५ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वदृष्टको जानकारी: १) आफ्नो नाममा बिना प्राप्त भई जाने लिखित भारपाँति मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौं पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) जानमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्म सम्पर्क गर्नुहोला ।

AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED

Sinamangal-9, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray 9851336976
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

Govt.Lic. No- 1428/074/075

कतारमा रोजगार कम्पनी : ZHR ALAWRKYD LLTJARH

पूर्व स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 350597 चलानी नं.६०२६३७७४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	न्यूनतम योग्यता	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Supervisor	2	0	2500	१,०१,६२०	का.मि. अनुसार	सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव	८ घण्टा	६ दिन	का.मि. अनुसार	छ		२ वर्ष
2.	FOREMAN (MALE)	2	0	2500	१,०१,६२०								
3.	Florist	0	4	1500	६०,४७२								
4.	REPRESENTATIVE	1	0	2200	८८,४२५								
5.	Driver	2	0	1500	६०,४७२								
6.	Receptionist	0	2	1200	४८,७७८								

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिबे हि-मेडिकल खर्च गरेको भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिबे बिमा खर्च गरेको व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र कति तिर्ने	बिमा शुल्क गरेको दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र कति तिर्ने (सरसपफाप)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अतिरिक्तिकरण शुल्क कति लाग्ने र कोसंग व्यहोर्ने	बिमा स्टाम्पिस शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	निःशुल्क	रु.२,२९५ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	१७,०००/-		रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वदृष्टको जानकारी: १) आफ्नो नाममा बिना प्राप्त भई जाने लिखित भारपाँति मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवासको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौं पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नपठाउनुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) जानमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहासम्म सम्पर्क गर्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.

श्रम इजाजत नं. ४९७/०६१/०७२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoveseas.com

कतारमा रोजगार कम्पनी : EVERLEAF HOSPITALITY AND CLEANING

पूर्व स्वीकृति मिति : २०८३/०८/०८ LT. No. 350366 चलानी नं. ६०१६३७७७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Drivers	2	0	1800	७३,१६५	कु.नि. अनुसार	८ घण्टा	६ दिन	कु.नि. अनुसार	छ		२ वर्ष
2	Female General Cleaner Worker	0	2	1000	८०,६७७							
3	Receptionist Female	0	2	1100	८८,७१२							
4	Representive	2	0	2500	१,०१,६१९							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिबे हि-मेडिकल खर्च गरेको भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिबे बिमा खर्च गरेको व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र कति तिर्ने	बिमा शुल्क गरेको दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र कति तिर्ने (सरसपफाप)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था	सेवा शुल्क	अतिरिक्तिकरण शुल्क कति लाग्ने र कोसंग व्यहोर्ने	बिमा स्टाम्पिस शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	निःशुल्क	रु.२,२९५ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	निःशुल्क		रोजगारदाता कम्पनीले

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.१४८ ०७३ ०७८
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Wasim ansari: 9808960228 , E-mail : alkausar.hrm@gmail.com

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/१२ मा दर्ता कायम भएको **गुगल ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं.२०५२४५/०७५/०७६)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/०८ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर अधिवक्ता मोहनचन्द्र पौड्याल
इजाजत प्रमाण पत्र नं.३६८, फोन नं.९८५१०५२२७५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७४/०१/११ मा दर्ता भएको **समृद्धि भेहिकल रेन्टल सोलुसन प्राइभेट लिमिटेड (प्रा. लि. नं. १६७४३०)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०४/१४ मा दर्ता भएको **ईशान एग्रोटेक प्रा. लि. (प्रा.लि.नं. ११४५८४/०७०/०७१)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०८/०८ गतेको वार्षिक साधारणसभाको निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाणसहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)
इजाजत पत्र नं. ४०४, फोन नं. ५८५१२१७००४

अप्पर स्याङ्ग्रे हाईड्रापावर लिमिटेड
Upper Syange Hydropower Limited

का.म.न.पा.चन्डोल–४, काठमाण्डौं, नेपाल, फोन : ०१–४५४२८६०

इमेल : upper.syange@gmail.com, **वेभसाइट**: www.uppersyange.com

१० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति : २०८३/०८/०५

यस कम्पनीको मिति २०८३/०८/०८ गतेका दिनको ४ : ०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको **१०** औंवार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न प्रस्तावहरू उपर छलफल तथा निर्णयको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थिती भई सहभागी हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:
मिति : २०८३ साल पुष ०२ गते (तद्अनुसार १७, डिसेम्बर २०२६) बिहिबार ।
स्थान : कुण्डलिनी दरबार बैङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं ।
समय : बिहान ९:३० बजे ।

क) साधारण प्रस्तावहरू
१. संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्वन्धी छलफल गरी स्वीकृत गर्ने ।
३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्तिगर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
४. स्वतन्त्र संचालकको नियुक्तलाई अनुमोदन गर्ने सम्वन्धमा ।

ख) विशेष प्रस्तावहरू
१. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।
२. हकप्रद शेयर निष्काशानवाट प्राप्त हुने रकमको उपयोग सम्वन्धी संचालक समितिले गरेको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।
३. प्रवन्धपत्र तथा नियमावली आवश्यक संशोधन/थपघट गर्ने सम्वन्धमा ।
४. प्रवन्धपत्र तथा नियमावली आवश्यक संशोधन/थपघट गर्ने सम्वन्धमा नियमन निकायवाट कुनै फेरवदल वा थपघट गर्ने निर्देशन वा सुझाव प्राप्त भएमा सोहि बमोजिम गर्न सञ्चालक समिति तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्वन

प्रभाव दैनिक
National Daily

सम्पादकीय

भद्रपुर अस्पतालले देखाएको स्वच्छताको बाटो

नेपालका अधिकांश सरकारी तथा निजी अस्पतालहरूमा बिरामीको उपचारसँगै निस्कने फोहोरमैलाको उचित व्यवस्थापन सधैँजसो टाउको दुखाइको विषय बन्ने गरेको छ । कतिपय स्वास्थ्य संस्थाले हानिकारक र संक्रामक फोहोरलाई समेत सामान्य फोहोरसँगै मिसाएर जथाभावी फाल्ने वा जलाउने गर्दा जनस्वास्थ्य र वातावरणमा गम्भीर असर परिरहेको तथ्य कसैबाट लुकेको छैन । तर, झापाको प्रादेशिक अस्पताल भद्रपुरले फोहोरमैलालाई समस्याका रूपमा होइन, अवसर र आम्दानीको दिगो स्रोतका रूपमा रूपान्तरण गरेर देशभरका स्वास्थ्य संस्थाहरूका लागि एउटा अनुकरणीय नजिर स्थापित गरेको छ ।

दैनिक औसत एक हजार बिरामीले बहिरंग सेवा लिने भद्रपुर अस्पतालमा स्वाभाविकरूपमा दैनिक ठूलो परिमाणमा फोहोर उत्सर्जन हुन्छ । तर, विगत पाँच वर्षदेखि अस्पतालले अपनाएको 'स्रोतबाटै फोहोर वर्गीकरण' को नीतिले अहिले अस्पताल परिसरलाई सफा र स्वच्छमात्र बनाएको छैन, वार्षिक करिब एक लाख ५० हजार रूपैयाँ नियमित आम्दानीसमेत दिलाएको छ । कागज, प्लास्टिक र आल्मुनियमजन्य पुनःप्रयोगयोग्य सामग्रीलाई छुट्टाएर बिक्री गर्ने र मासिक १२ देखि १५ हजार रूपैयाँसम्म आम्दानी गर्ने अस्पतालको यो कार्य आफैंमा अत्यन्तै प्रशंसनीय छ ।

अस्पतालको फोहोर व्यवस्थापनमा सबैभन्दा सराहनीय पक्ष भनेको संक्रामक र जोखिमयुक्त फोहोरको सुरक्षित विसर्जन हो । सामान्यतया प्रयोग भइसकेका सिरिञ्ज, सुई, स्लाइनका बोतल र पाइपहरू व्यवस्थापन गर्न निकै जटिल मानिन्छ । तर, भद्रपुर अस्पतालले आधुनिक मेसिनमार्फत त्यस्ता जोखिमयुक्त फोहोरको 'ब्याक्टेरिया' नष्ट गरी निर्मलीकरण गर्ने गरेको छ । अझ रोचक र सिर्जनशील पक्ष के छ भने, सुरक्षित बनाइएका सुईजन्य सामग्रीलाई अस्पताल परिसरमै चौतारा निर्माणमासमेत प्रयोग गरिएको छ । वातावरण संरक्षण र सिर्जनशील पुनः प्रयोगको योभन्दा उत्तम उदाहरण अरू के हुन सक्छ ?

जर्मन सहयोगी संस्था जिआइजेडको प्राविधिक तथा भौतिक सहयोगमा सुरु भएको यो अभियानलाई अस्पताल प्रशासन र कर्मचारीहरूले निरन्तरता दिएर सफल बनाएका छन् । बाह्य सहयोग र प्रविधि भित्र्याउनुमात्र ठूलो कुरा होइन, त्यसलाई दिगोरूपमा सञ्चालन गर्नु मुख्य चुनौती हो । केवल दुई जना जनशक्ति परिचालन गरेर सिंगो प्रादेशिक अस्पतालको फोहोरलाई व्यवस्थित गर्नुले अस्पतालको कुशल व्यवस्थापकीय क्षमता र इच्छाशक्तिलाई प्रस्ट पार्छ ।

आज देशका ठूला भनिएका केन्द्रीय अस्पतालदेखि स्थानीय स्वास्थ्य चौकीहरूसम्म फोहोर व्यवस्थापनको नाममा लाखौं रूपैयाँ खर्च भइरहेको छ । कतिपय स्थानमा अस्पतालको फोहोरकै कारण स्थानीय बासिन्दा र अस्पताल प्रशासनबीच द्वन्द्वसमेत हुने गरेको छ । यस्तो अवस्थामा भद्रपुर अस्पतालले फोहोरबाटै मोहोर फलाएर 'चाहने हो भने स्रोत र साधनको अभावमा पनि राम्रो काम गर्न सकिन्छ' भन्ने बलियो सन्देश दिएको छ ।

तसर्थ, प्रादेशिक अस्पताल भद्रपुरको यो असल अभ्यासलाई प्रदेश सरकार र संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विशेष प्रोत्साहन गर्नुपर्छ । अन्य सरकारी तथा निजी अस्पतालहरूले पनि भद्रपुरको सिको गर्दै स्रोतबाटै फोहोर वर्गीकरण गर्ने, जोखिमयुक्त फोहोरको सुरक्षित प्रशोधन गर्ने र पुनःप्रयोगयोग्य सामग्रीबाट आम्दानी लिने नीति अवलम्बन गर्नु आजको टड्कारो आवश्यकता हो । भद्रपुर अस्पतालको यो कदमले 'स्वच्छ अस्पताल, स्वस्थ समाज' को नारालाई सार्थक बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

श्रम सरोकार

नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दावी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ । पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन ।

छठघाटबाट देखिएको नेपाली राजनीतिको दक्षिणपन्थी यात्रा



■ रामहरि कार्की

> नेताहरूले छठीमाईसँग आशीर्वाद माग्नु स्वाभाविक हो । तर, त्यो आस्थालाई राजनीतिक लाभको माध्यम बनाउने होडले नेपाली राजनीतिलाई कतातिर लैजाँदै छ भन्ने प्रश्न महत्त्वपूर्ण छ । नेपालको दक्षिणपन्थी यात्रा कुनै एक नेताको धार्मिक पूजाबाट सुरू भएको होइन । यो लामो समयदेखि विकसित हुँदै आएको राजनीतिक प्रवृत्ति हो । भारतमा हिन्दुत्वको राजनीतिक उदय, नेपालमा हिन्दू राष्ट्रको बहस, राजनीतिक दलहरूको धार्मिक झुकाव र निर्वाचनमा धार्मिक प्रतीकको प्रयोग यसका फरक-फरक आयाम हुन् ।

छठघाटमा अस्ताउँदो र उदाउदो सूर्यलाई अर्घ्य दिन भक्तजनहरूको लाम लागेको दृश्य देखिन्थ्यो । पोखरी र नदीका किनारमा सजाइएका घाट झिलिमिली थिए । ढकियाँमा फलफूल, उखु, नरिवल र विभिन्न मिष्ठान्न परिकारहरू सजिएको देखिन्थ्यो । महिलाहरू लोक गीत गाइरहेका थिए । युवाहरू घाटको व्यवस्थापनमा व्यस्त थिए । आस्था, अनुशासन र सामूहिकताको अनुपम दृश्य देखिन्थ्यो ।

तर, यसपटकको छठघाटमा एउटा दृश्य थप चर्चाको विषय बन्यो । धार्मिक आस्थाको केन्द्र मानिने मधेसका छठघाटहरूमा राजनीतिक दलका शीर्ष नेताहरूको बाक्लो उपस्थिति देखियो । उनीहरू पूजापाठमा सहभागी हुनमात्र आएका थिएनन् । उनीहरूको उपस्थितिमा राजनीतिक गन्ध पनि लुकेको थियो ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल र उज्यालो पार्टीका अध्यक्ष कुलमान घिसिङ छठ मनाउन मधेस झरे । उनीहरूको मधेस यात्राले धार्मिक र राजनीतिक वृत्तमा राम्रै चर्चा पायो ।

चारै नेताको उपस्थितिले मधेसका छठघाटमा धार्मिक उत्साहसँगै राजनीतिक चहलपहल पनि बढायो । स्थानीय नेता तथा कार्यकर्ता आफ्ना शीर्ष नेतृत्वलाई घरआँगनमै पाउँदा उत्साहित भए । नेताहरूले पनि स्थानीयसँग भेटघाट गरे । उनीहरूका समस्या सुने । पार्टीका आन्तरिक विषय, सरकारको कामकारबाही र आगामी स्थानीय तहको निर्वाचनबारे धारणा राखे ।

नेताहरूको यो उपस्थितिलाई सामान्य धार्मिक भ्रमणका रूपमामात्रै बुझ्न मिल्दैन । उनीहरूको राजनीतिक पृष्ठभूमि, पछिल्लो निर्वाचनको परिणाम र आगामी स्थानीय तहको निर्वाचनलाई हेर्दा छठघाटको यात्राभित्र राजनीतिक जोड-घटाउ पनि स्पष्ट देखिन्छ । तर, यसभन्दा गहिरो प्रश्न अर्को छ-नेपाली राजनीतिका फरक विचारधारा र पृष्ठभूमिका नेताहरूलाई एउटै धार्मिक पर्वले मधेससम्म किन तानिरहेको छ ? के उनीहरूलाई छठप्रतिको मोहले डोऱ्याएको हो वा नेपाली राजनीतिमा बढ्दै गरेको हिन्दूत्वको राजनीतिक प्रभावले उनीहरूलाई त्यहाँसम्म नारेर लगेको हो ?

छठघाटमा राजनीतिक हिसाबकिताब

छठ मधेसको मौलिक सांस्कृतिक पहिचानसँग जोडिएको पर्व हो । सूर्यको उपासना र छठीमाईको आराधना गरिने यो पर्वमा जात, वर्ग र समुदायका विभाजन गौण हुन्छन् । व्रतालुको अनुशासन, परिवारको सहभागिता, सामूहिक सहयोग र प्रकृतिप्रतिको सम्मान यसको विशेषता हो । पछिल्लो समय छठको प्रभाव मधेसमामात्रै सीमित छैन । काठमाडौं उपत्यकालगायत विदेशमा रहेका नेपालीजनले पनि उत्तिकै उत्साहका साथ मनाउन थालेका छन् । यसले छठलाई एउटा समुदायको पर्वबाट राष्ट्रिय सांस्कृतिक उत्सवका रूपमा स्थापित गरिरहेको छ ।

यही सांस्कृतिक विस्तारसँगै यसको राजनीतिक महत्त्व पनि बढेको देखिन्छ । विशेषगरी निर्वाचन नजिकिँदा मधेसका धार्मिक तथा सांस्कृतिक पर्वमा शीर्ष नेताहरूको उपस्थिति अर्थपूर्ण बन्ने गरेको छ । रविका लागि यसपटकको मधेस यात्रा विशेष राजनीतिक महत्त्वको थियो । जेन-जी आन्दोलनपछि प्राप्त राजनीतिक अवसरलाई निर्वाचनमा रूपान्तरण गरेको रास्वपाले प्रतिनिधिसभा निर्वाचनमा करिब दुईतिहाइ बहुमत प्राप्त गरेको थियो । अब रास्वपाको नजर स्थानीय तहको निर्वाचनमा छ ।

उता, कांग्रेस सभापति गगनका लागि पनि मधेसको यात्रा कम महत्त्वपूर्ण थिएन । सर्लाही-४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाका डा. अमरेशकुमार सिंहसँग पराजित भएका गगनलाई मधेसमा कांग्रेसको गुमेको विरासत फर्काउनुपर्ने चुनौती छ । यसर्थ, रवि र गगनको मधेस यात्रा धार्मिक कार्यक्रममा सीमित थिएन । उनीहरू दुवैलाई मधेसको बदलिएको राजनीतिक मनोविज्ञान बुझ्नु छ । रविलाई आफ्नो नयाँ राजनीतिक आधार जोगाउनु छ भने गगनलाई पुरानो विरासत फर्काउनु छ । छठघाटमा ढकिया बोकेर हिँडेका रवि र पूजापाठमा सहभागी भएका गगनका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा भाइरल भए ।

धर्मको बाटो हुँदै राजनीतिमा

नेताहरू धार्मिक कार्यक्रममा सहभागी हुनु आफैंमा अस्वाभाविक होइन । धर्म व्यक्तिको आस्था र सांस्कृतिक जीवनको निजी तथा सामुदायिक पक्ष हो । सार्वजनिक व्यक्तित्वले कुनै पर्वमा सहभागी हुनु धार्मिक स्वतन्त्रताको विषय पनि हो । तर, जब धार्मिक उपस्थितिलाई राजनीतिक सन्देश, चुनावी प्रचार र जनमत आकर्षित गर्ने माध्यम बनाइन्छ, त्यसले अर्को बहस जन्माउँछ । धर्म र राजनीतिबीचको सम्बन्ध कहाँसम्म स्वाभाविक हो र कहाँबाट राजनीतिक स्वार्थ सुरु हुन्छ ?

नेपालको संविधानले देशलाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको छ । संविधानको प्रस्तावना र धारा ४ ले नेपाललाई धर्मनिरपेक्ष, समावेशी र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा परिभाषित गरेको छ । तर, पछिल्लो समय नेपाली राजनीतिमा धार्मिक प्रतीक र हिन्दू धार्मिक अनुष्ठानको प्रयोग बढ्दै गएको देखिन्छ । नयाँ हुन् वा पुराना, वामपन्थी हुन् वा लोकतान्त्रिक, विभिन्न दलका नेताहरू धार्मिक गतिविधिमा सक्रिय देखिन थालेका छन् ।

यसको एउटा उदाहरण नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल हुन् । झापा विद्रोह र १० वर्षे युद्धको राजनीतिक पृष्ठभूमिबाट स्थापित यी दुवै नेताले पछिल्लो समय पशुपतिनाथ मन्दिरमा विशेष पूजा आराधना गरेका छन् । धर्मलाई अफिम मान्ने मार्क्सवादी दर्शनबाट प्रभावित कम्युनिस्ट नेताहरूको धार्मिक गतिविधि आफैंमा विरोधाभासपूर्ण देखिन सक्छ । तर, राजनीतिमा विचारधाराभन्दा जनमतको गणित प्रभावशाली हुँदै जाँदा धार्मिक प्रतीकको उपयोग पनि बढिरहेको छ ।

यसलाई धर्मप्रतिको व्यक्तिगत आस्था र धर्मको राजनीतिक उपयोगबीच छुट्टाएर हेर्नुपर्छ । कुनै कम्युनिस्ट नेताले मन्दिरमा पूजा गर्नु उसको व्यक्तिगत स्वतन्त्रता हो । तर, त्यही धार्मिक गतिविधिलाई राजनीतिक पहिचान निर्माण गर्ने माध्यम बनाइन्छ भने त्यसको वैचारिक अर्थ फरक हुन्छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले पनि पद तथा गोपनीयताको शपथ लिनुअघि धार्मिक अनुष्ठान गराएको प्रसंगले यो बहसलाई थप बल दिएको छ । राष्ट्रपति कार्यालयमा हिन्दू र बौद्ध धर्मगुरुहरूबाट धार्मिक अनुष्ठान गराएर चैत १३ गते शपथ लिने उनको कदमलाई पनि परम्परा, आस्था र राज्यसत्ताबीचको सम्बन्धका रूपमा हेरिएको छ ।

यी गतिविधिहरूले नेपाली राजनीतिमा धर्मको उपस्थिति बढिरहेको संकेत गर्छ । तर, यो परिवर्तनलाई धार्मिक पुनर्जागरणका रूपमामात्र बुझ्नु पर्याप्त हुँदैन । यसको पछाडि राजनीतिक प्रतिस्पर्धा, जनमतको मनोविज्ञान र दक्षिण एसियाली राजनीतिमा विकसित हुँदै गएको हिन्दुत्वको प्रभाव पनि जोडिएको छ ।

नेपाली राजनीतिको दक्षिणपन्थी मोड

नेपाली राजनीतिमा बढ्दो धार्मिक झुकावलाई बुझ्न छिमेकी मुलुक भारतको राजनीतिक परिवर्तनलाई अलग राख्न सकिँदैन । भारतमा भारतीय जनता पार्टी (भाजपा) ले हिन्दुत्वलाई आफ्नो प्रमुख राजनीतिक एजेण्डाका रूपमा स्थापित गरेको छ । हिन्दू धार्मिक तथा सांस्कृतिक पहिचानलाई राष्ट्रियताको अवधारणासँग जोड्दै उसले लामो समयदेखि राजनीतिक विस्तार गरेको छ ।

राम मन्दिर आन्दोलनदेखि अयोध्यामा राम मन्दिर निर्माणसम्मका घटनाले भारतीय राजनीतिमा हिन्दुत्वको प्रभावलाई संस्थागत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । नरेन्द्र मोदीको नेतृत्वमा भाजपा शक्तिशाली हुँदै जाँदा हिन्दुत्व भारतीय राजनीतिको मूल बहसमा स्थापित भएको छ ।

यसको प्रभाव भारतको सीमाभन्दा बाहिर पनि परेको छ । विशेषगरी नेपालजस्तो धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्धले भारतसँग नजिकिएको मुलुकमा यसको राजनीतिक प्रभावलाई नजरअन्दाज गर्न सकिँदैन । नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध ऐतिहासिक छ । जनकपुर र अयोध्या, पशुपतिनाथ र काशी, लुम्बिनी र बोधगयाजस्ता धार्मिक तथा सांस्कृतिक सम्बन्धले दुवै देशका नागरिकलाई जोड्दै आएको छ ।

तर, सांस्कृतिक निकटता र राजनीतिक विचारधाराको विस्तार एउटै कुरा होइनन् । भारतमा हिन्दुत्व राजनीतिक शक्तिका रूपमा स्थापित हुँदै गर्दा नेपालमा पनि हिन्दू पहिचानलाई राजनीतिक एजेण्डा बनाउने समूहसक्रिय हुँदै आईरहेका छन् । नेपाललाई पुनः हिन्दू राष्ट्र बनाउनुपर्ने माग उठ्नु, धार्मिक प्रतीकको राजनीतिक प्रयोग बढ्नु र राजनीतिक दलका नेताहरू हिन्दू गतिविधिमा देखिनु बहसका पाटाहरू हुन् ।

यसको अर्थ नेपालमा देखिएका सबै धार्मिक गतिविधि भारतबाटै निर्देशित छन् भन्ने होइन । नेपाली समाजको आफ्नै धार्मिक इतिहास, सांस्कृतिक संरचना र राजनीतिक कारण छन् । तर, भारतमा विकसित हिन्दुत्वको राजनीतिक भाष्यले नेपालका राजनीतिक बहस र शक्तिहरूलाई प्रभावित पारिरहेको छ कि छैन भन्ने प्रश्न गम्भीररूपमा उठाउनुपर्ने भएको छ ।

विशेषगरी निर्वाचनको मुखमा धर्मलाई मतदाताको भावनासँग जोड्ने प्रवृत्ति बढ्नु यसैको एउटा संकेत हुन सक्छ । भारतमा हिन्दुत्वले राजनीतिक सफलताको सूत्रका रूपमा स्थापित गरेको भाष्यबाट नेपालका दलहरूले पनि पाठ सिकिरहेका छन् कि भन्ने विश्लेषण हुन थालेको छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा गत साउन २८ गते हडकङबाट स्वदेश फर्किंदा हिन्दू राष्ट्र हुनुपर्ने भनेर कार्यकर्ताका माझ बताएका थिए ।

नेपाली राजनीतिमा दक्षिणपन्थी यात्राको मूल पानीढलो यहींनेर खोज्नुपर्छ । धार्मिक आस्थालाई सम्मान गर्नु र हिन्दू पहिचानलाई राजनीतिक शक्तिमा रूपान्तरण गर्नु फरक विषय हुन् । पहिलो सामाजिक तथा सांस्कृतिक स्वतन्त्रताको विषय हो भने दोस्रो राज्यको चरित्र र राजनीतिक प्रतिस्पर्धासँग जोडिएको विषय हो ।

धार्मिक राजनीतिको विस्तार

नेपालको संविधानले धर्मनिरपेक्षताको व्यवस्था गरेको छ । तर, धर्मनिरपेक्षता संविधानमा लेखिएको शब्दमात्र होइन । यसको वास्तविक अर्थ राज्यले सबै धर्मप्रति समान व्यवहार गर्नु, नागरिकलाई धार्मिक स्वतन्त्रता दिनु र कुनै धर्मका आधारमा विभेद नगर्नु हो । नेपालको धार्मिक विविधता नै यसको सामाजिक शक्ति हो । यहाँ हिन्दू, बौद्ध, मुस्लिम, इसाई, किरातलगायत धर्मावलम्बीहरू बसोबास गर्छन् । धार्मिक तथा सांस्कृतिक सहअस्तित्व नेपाली समाजको ऐतिहासिक विशेषता हो ।यस्तो समाजमा एउटा धर्मको पहिचानलाई राष्ट्रिय राजनीतिको केन्द्रमा राख्दा अन्य समुदायको स्थान र समानताको प्रश्न उठ्न सक्छ ।

मधेसकै उदाहरण हेरौं । छठ हिन्दू समुदायमा विशेष महत्त्व राख्ने पर्व भए पनि यसको सांस्कृतिक प्रभाव समुदायको सीमाभन्दा बाहिर फैलिएको छ । यसले सामूहिकता, प्रकृतिप्रतिको सम्मान र सामाजिक सद्भावको सन्देश दिन्छ । छठघाटमा मुस्लिम धर्मालम्बीहरू पनि व्यवस्थापनमा सहयोग गरिरहेका दृश्य देखिएको थियो । विभिन्न जातजाति र धर्मावलम्बीहरू एकअर्काको पर्वमा सहभागी हुन्छन् । यही सहअस्तित्व मधेसको सामाजिक विशेषता हो ।

तर, कुनै एउटा धार्मिक पर्वलाई राजनीतिक पहिचानको मूल आधार बनाउने प्रयास भयो भने यसले यही सामाजिक सद्भावमा खलल पुऱ्याउनसक्छ । राजनीतिक दलहरूको प्राथमिकता नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी, विकास र सामाजिक न्याय हुनुपर्ने हो । तर, जनताको आधारभूत आवश्यकताभन्दा धार्मिक भावनालाई राजनीतिक रोटी सेक्नका लागि उपयोग गर्न थालियो भने लोकतन्त्रको बहस नै कमजोर हुन सक्छ ।

बदलिँदो राजनीतिक समीकरण

मधेस नेपाली राजनीतिमा सधैं निर्णायक रहँदै आएको छ । प्रतिनिधिसभा निर्वाचनदेखि स्थानीय तहसम्म मधेसको जनमतले राष्ट्रिय राजनीतिको दिशा निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । मधेस भोट बैंकको रूपमा स्थापित छ । यहाँको जनमत परम्परागत रूपमा कांग्रेस, एमाले, माओवादी र मधेसकेन्द्रित दलहरूबीच प्रतिस्पर्धा थियो । तर, पछिल्लो निर्वाचनले यो समीकरणको स्वरूप बदलिदिएको छ । रास्वपाको उदयले मधेसमा नयाँ राजनीतिक शक्ति जन्मिएको छ । यसले कांग्रेसलगायत पुराना राजनीतिक दललाई आफ्नो संगठन र जनाधार पुनर्निर्माण गर्न दबाब दिएको छ । रास्वपा पनि प्राप्त जनमतलाई स्थानीय तहको निर्वाचनमा कायम राख्न चाहन्छ ।

सरकारको सात महिने कार्यकालमा उठेका सुकुमबासी समस्या, भोटेकोशी बाढीपछिको व्यवस्थापन, प्रहरी नेतृत्वसम्बन्धी विवाद, इनम सापकोटासँग जोडिएको घटना र आत्मदाह प्रकरणलगायतका विविध विषयले सरकारको कार्यशैलीमाथि प्रश्न उठेको छ । सरकारप्रतिको असन्तुष्टिलाई राजनीतिक अवसरका रूपमा उपयोग गर्दै पुराना राजनीतिक दलले आफ्नो गुमेको जनमत फर्काउने प्रयास गरिरहेका छन् । तर, सरकारप्रतिको असन्तुष्ट स्वतः पुराना दलको पक्षमा मतमा परिणत हुन्छ भन्ने छैन । मधेसका मतदाताले पुराना दलको कार्यशैली पनि नजिकबाट देखेका छन् ।

त्यसैले उनीहरूलाई फेरि विश्वासमा लिन पुराना दलका लागि सहज छैन । यही अवस्थामा नयाँ र पुराना दलले मधेसमा आफ्नो उपस्थिति बलियो बनाउन खोजिरहेका छन् । छठजस्तो व्यापक जनसहभागिता हुने पर्व उनीहरूका लागि जनतासँग प्रत्यक्ष जोडिने अवसर बनेको छ । तर, आगामी निर्वाचनमा मधेसका जनताले धार्मिक उपस्थिति र भावनात्मक भाषणका आधारमा मात्र मत दिनेछन् भन्ने छैन । त्यो सोचे भ्रम हुनेछ । उनीहरूलाई रोजगारी चाहिएको छ । किसानलाई कृषि उपजको उचित भाउ चाहिएको छ । युवालाई स्वदेशमै रोजगार चाहिएको छ । शिक्षा, स्वास्थ्य, सडक, खानेपानी र सिँचाइको समस्या समाधान चाहिएको छ ।

मधेसका जनताको वास्तविक अपेक्षा यिनै हुन् । त्यसैले छठघाटमा अर्घ्य दिने नेताहरूले जनताको मन जित्न चाहन्छन् भने उनीहरूले घाटबाट बाहिर निस्किएपछि पनि जनताका समस्यालाई उत्तिकै प्राथमिकता दिनुपर्ने छ ।

छठमा देखिएको राजनीतिक छाया

छठ पर्वको सबैभन्दा सुन्दर पक्ष यसको सामूहिकता हो । व्रतालुहरू अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदा विगतका दुःख, पीडा र संघर्षलाई सम्झिन्छन् । भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिँदा नयाँ आशा र जीवनको कामना गर्छन् । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिने यो परम्पराले जीवनको निरन्तरता र परिवर्तनको सन्देश दिन्छ । सम्भवतः यही कारण छठ मधेसको जनजीवनसँग यति गहिरो गरी जोडिएको छ ।

तर, यसपटक छठघाटमा देखिएको राजनीतिक दृश्यले अर्को सन्देश पनि दिएको छ । नेपाली राजनीति नयाँ शक्ति, पुराना दल, वामपन्थी र लोकतान्त्रिक धारको प्रतिस्पर्धाबाट मात्रै निर्देशित छैन । धर्म र सांस्कृतिक पहिचान पनि राजनीतिको प्रभावशाली विषय बन्दै गएका छन् । रवि, गगन, डोलप्रसाद र कुलमानको मधेस यात्रालाई धार्मिक आस्थाको यात्राका रूपमा मात्र व्याख्या गर्न सकिँदैन । उनीहरूको उपस्थितिमा चुनावी रणनीति र जनमतको खोजी स्पष्ट देखिन्छ । त्यसमाथि हिन्दू धार्मिक प्रतीकलाई राजनीतिक संवादको केन्द्रमा ल्याउने व्यापक प्रवृत्तिको संकेत पनि भेटिन्छ ।

नेताहरूले छठीमाईसँग आशीर्वाद माग्नु स्वाभाविक हो । तर, त्यो आस्थालाई राजनीतिक लाभको माध्यम बनाउने होडले नेपाली राजनीतिलाई कतातिर लैजाँदै छ भन्ने प्रश्न महत्त्वपूर्ण छ । नेपालको दक्षिणपन्थी यात्रा कुनै एक नेताको धार्मिक पूजाबाट सुरु भएको होइन । यो लामो समयदेखि विकसित हुँदै आएको राजनीतिक प्रवृत्ति हो । भारतमा हिन्दुत्वको राजनीतिक उदय, नेपालमा हिन्दू राष्ट्रको बहस, राजनीतिक दलहरूको धार्मिक झुकाव र निर्वाचनमा धार्मिक प्रतीकको प्रयोग यसका फरक-फरक आयाम हुन् ।

छठघाटमा नेताहरूले अर्घ्य दिँदा सूर्यको प्रकाश सबैका लागि समान थियो । सूर्यले कसैलाई जात, धर्म र राजनीतिक विचारका आधारमा छुट्टाउँदैन । छठको यही मूल सन्देशलाई राजनीतिक दलहरूले पनि आत्मसात् गर्न सके भनेमात्रै धार्मिक आस्था सामाजिक सद्भावको आधार बन्न सक्छ । नत्र, जनताको आस्थालाई मतमा रूपान्तरण गर्ने प्रतिस्पर्धाले धर्मलाई राजनीतिमा र राजनीतिलाई धार्मिक ध्रुवीकरणमा बदल्न सक्छ ।

(लेखक कार्की नेपाल पत्रकार महासंघ ललितपुरका अध्यक्ष एवं आमसञ्चार र पत्रकारिता विषयका लेक्चरर हुन्)



अन्नको कला | भक्तपुर नगरपालिका–५ टौमढीस्थित डातापोल्हँ (पाँचतल्ले) मन्दिर परिसरमा सकिमना पुन्हीका अवसरमा मंगलबार साँझ अन्नबाट बनाइएको आकर्षक कला । तस्विरमा अन्नबाट भैरवनाथ र ल्योसिंद्यो बनाइएको छ । *तस्विर: रासस*

'विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका महत्वपूर्ण'

महेन्द्रनगर (प्रस)– सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले विपद् व्यवस्थापन र जलवायु अनुकूलनका लक्ष्य हासिल गर्न सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहहरूसँग हातेमालो गर्दै अघि बढ्न प्रतिबद्ध रहेको बताएका छन् ।

मंगलबार कञ्चनपुरको बेदकोट नगरपालिकामा आयोजित 'छैटौं कञ्चनपुर' सम्मेलनलाई सम्बोधन गर्दै उनले नीति, बजेट र प्राविधिक सहयोगमार्फत स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार सधैं साथमा रहने बताए ।

'विकास निर्माणका कार्यहरूलाई वातावरणमैत्री र विपद्प्रतिरोधी बनाउन तीनै तहका सरकार, विकास साझेदार संस्था र नागरिक समाजबीचको त्रिकोणात्मक सहकार्यआवश्यक छ,' मुख्यमन्त्री भट्टले भने, 'विपद् आइसकेपछि राहत र उद्धारमामात्र केन्द्रित हुनुभन्दा विपद् आउनुअघि नै पूर्वतयारी गर्ने, पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने र समुदायलाई सक्षम बनाउने कार्य आजको प्रमुख आवश्यकता हो ।'

जोखिम न्यूनीकरण र दिगो विकासका लागि वास्तविक पूर्वतयारी प्रत्येक व्यक्तिको घर, परिवार र समुदायबाटै सुरु हुनुपर्नेमा उनको जोड छ । 'ठूला पूर्वाधार र नीतिगत योजनाको चर्चासँगै समुदायस्तरको सचेतना र पूर्वतयारी अपरिहार्य रहेको छ,' उनले भने, 'विशेषगरी कञ्चनपुर जिल्ला बाढी, डुबान, कटान तथा जलवायु परिवर्तनका असरको उच्च जोखिममा रहेको छ ।'

उनले प्रत्येक वर्ष वर्षायाममा महाकाली, दोदा, बनरा, जोगबुढालगायतका स्थानीय नदीनालाहरूले पुऱ्याउने क्षतिले जनजीवन, कृषि र पूर्वाधारलाई प्रभावित पार्दै आएको बताए । संघीयताको मर्मअनुसार नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको उल्लेख गर्दै मुख्यमन्त्री भट्टले सुरक्षित र उत्थानशील समुदाय निर्माणका लागि कञ्चनपुरका पालिकाहरूले थालेको सामूहिक प्रयास प्रदेशकै लागि अनुकरणीय रहेको बताए ।

बाढीप्रभावित रसुवा बेतिनीका विद्यार्थीलाई न्यानो कपडा वितरण



चितवन (प्रस)– भोटेकोशी बाढीबाट प्रभावित रसुवाको कालिका गाउँपालिका-३ बेतिनीस्थित बच्छलादेवी आधारभूत विद्यालयका छात्रछात्रालाई न्यानो कपडा, स्टेसनरी र खेलकुद सामग्री वितरण गरिएको छ ।

चितवन भरतपुरका व्यवसायी एवं समाजसेवी विनोद ढकालको सक्रियतामा बाढीप्रभावित ८५ जना छात्रछात्रालाई कपडा, स्टेसनरी र खेलकुदका सामग्री वितरण गरिएको हो । भोटेकोशीसहित त्रिशूली नदीमा गएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका जनताको उद्धार तथा राहत वितरणमासमेत खटिएका समाजसेवी ढकालले स्थानीय बाढीप्रभावित जनताको आग्रहमा उक्त विद्यालयका छात्रछात्रालाई सहयोगस्वरूप अत्यावश्यक सामग्री प्रदान गरेको बताए ।

समाजका अति विपन्न, दीनदुःखी, असहाय वर्गलाई सहयोग गर्न पाउँदा खुसी मिल्ने बताउँदै उनले भने, 'बाढीप्रभावित जनताको राहत उद्धारमा खटिँदा दुःख बुझेको छु, स्थानीय जनताबाट अनुरोध भइ आएकाले केही सहयोग गरौं भन्ने भावनासहित रसुवा पुगी अत्यावश्यक सामग्री वितरण गरेर आएँ ।' उनले यही सोमबार रसुवामा सहयोग वितरण गरी मंगलबार चितवनमा स्थानीय सञ्चारकर्मीसँग कुराकानी गर्दै यसअघि दसैंमा चितवन-कालिका नगरपालिकाको चेपांवस्ती र भरतपुरका विपन्न बस्तीमा खाद्यान्न वितरण गरेको जानकारी दिए ।

नारायणघाट–बुटवल सडकखण्डमा दुबो रोपिँदै



नवलपुर (नवलपरासी)– चार लेनमा विस्तार सम्पन्न भएको नारायणघाट-बुटवल सडकको बीचमा रहेको डिभाइडरमा दुबो रोप्न सुरु गरिएको छ । करिब ११३ किलोमिटर लम्बाइको सडकबीचको तीन मिटर चौडाइको डिभाइडरमा दुबो रोप्ने काम तीव्र रूपमा भइरहेको छ ।

नारायणघाट बुटवल सडक विस्तार योजना पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालका अनुसार गैँडाकोट, देवचुली, कावासोतीलगायत विभिन्न स्थानका सडकको बीचमा रहेका डिभाइडरमा दुबो रोप्ने काम भइरहेको छ । सडक विस्तार योजनाअन्तर्गत कालोपत्र गर्ने काम लगभग सकिएको भन्दै उनले अब सडक किनारका सर्भिस लेन, सडक किनारका डिभाइडरमा रङरोगन तथा बीचको डिभाइडरमा दुबो रोप्ने तथा सडक सुन्दर देखाउने बिरुवा रोप्ने काम भइरहेको जानकारी दिए ।

वि.सं. २०१८ मा तत्कालीन राजा महेन्द्र शाहले नवलपुरको गैँडाकोटमा शिलान्यास गरेर सुरु भएको पूर्वपश्चिम राजमार्ग करिब ६५ वर्षपछि चार लेनमा विस्तार भएको हो । नारायणघाट बुटवल सडक विस्तारका लागि ठेक्का भएर २०७५ माघदेखि विस्तार गर्ने सम्झौता भएको थियो । सोही वर्षको चैतमा सडकको शिलान्यास भएपछि विस्तारको काम सुरु भएको थियो । सम्झौता भएको मितिले ४२ महिनाभित्र निर्माण सक्नेगरी सुरु भएको सडक विस्तारको काम विभिन्न समयमा चारपटक म्याद थप गर्दै करिब आठ लगाएर गत साउनमा पूरा भएको सूचना अधिकारी खनालले बताए ।

'सडकको लगभग काम सकिएपछि हामीले साउनमा टेकओभर गरिसकेका छौं, सडक टेकओभर मात्र भएको हो, हस्तान्तरण भने भएको छैन, सडक टेकओभरपछि पाँच वर्षसम्म निर्माण कम्पनीले त्रुटि सच्याउने काम गर्दछ । त्यसपछि मात्रै हस्तान्तरण हुन्छ,' सूचना अधिकारी खनालले भने । सडक निर्माणका क्रममा सडकका विभिन्न त्रुटि देखिनसक्ने भएकाले पाँच वर्षसम्म निर्माण कम्पनीले मर्मत गर्नुपर्ने गरी परीक्षण अवधि हुने उनले बताए ।

सडकको कालोपत्र तथा ढलान गर्नुपर्ने मुख्य काम सकिएपछि अहिले त्रुटि सच्याउने, पैदलयात्रीका लागि पेटी तयार पार्ने, सडक किनारमा रेलिङ राख्ने, ढलान गर्ने काम भइरहेको छ । दुई खण्डमा विभाजन गरी लगाइएको ठेक्काको दुवै खण्ड चिनियाँ निर्माण कम्पनी 'चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन'ले ग्लोबल टेण्डरमार्फत गरेको हो । गैँडाकोटबाट दाउन्नेसम्म पूर्वीखण्ड (६५ किलोमिटर) र दाउन्नेबाट बुटवलसम्म पश्चिम खण्ड (४८ किलोमिटर)मा विभाजन गरी ठेक्का लगाइएको सडक विस्तारका लागि करिब १७ अर्ब रूपैयाँ बजेट खर्च भएको छ ।

कूल बजेटको ८५ प्रतिशत रकम एसियाली विकास बैंक (एडिबी)ले १.५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराएको छ । नारायणघाट-बुटवलको ११३ किलोमिटर सडक विस्तारअन्तर्गत ७० किलोमिटर चार लेन, २९ किलोमिटर छ लेन (चार लेनसहित दुवैतर्फ अतिरिक्त सर्भिस लेन) र दाउन्नेको १४ किलोमिटर क्षेत्रमा तीन लेनमा सडक निर्माण गरिएको छ । यसरी बजार क्षेत्र, समथर भूभाग र पहाडी क्षेत्रको भौगोलिक तथा यातायात आवश्यकताअनुसार सडकको डिजाइन फरक बनाइएको आयोजनाले जनाएको छ ।

ग्रामीण क्षेत्र र वन क्षेत्रमा चार लेनमा विस्तार भएको सडक सहरी क्षेत्रमा छ लेनमा विस्तार भएको छ भने दाउन्नेमा भौगोलिक कठिनाइ रहेका क्षेत्रमा तीन लेनमा सडक विस्तार गरिएको हो । यसका अतिरिक्त सडकमा लेन मार्किङ, ट्राफिक संकेत, गति सीमा संकेत तथा निगरानीका लागि स्पिड गन प्रयोग गर्ने व्यवस्था गरिएको छ । सडक विस्तारपछि सवारीसाधनको गति बढ्ने भएकाले दुर्घटना न्यूनीकरण गर्न गति सीमा तोकिएको सूचना अधिकारी खनालले जानकारी दिए ।

उनका अनुसार सीधा तथा खुला सडकमा अधिकतम गति सीमा ८० किमी प्रतिघण्टा, बजार क्षेत्र तथा क्रसिङ क्षेत्रमा अधिकतम गति सीमा करिब ६० किमी प्रतिघण्टा तथा जंगली क्षेत्र र दाउन्नेको पहाडी क्षेत्रमा अधिकतम गति सीमा ४० किमी प्रतिघण्टा तोकिएको छ । दाउन्ने क्षेत्रको पहाडमा पटक-पटक कालोपत्र गरिएको सडक बिग्रने र भासिने समस्या देखिएपछि करिब ११ किलोमिटर क्षेत्रमा सिमेन्ट कंक्रिट गरिएको छ । गैँडाकोटदेखि बुटवलसम्म करिब ११३ किमी सडक विस्तारका लागि ४९ हजार ८३० वटा रुख काटिएका थिए ।

चार लेनमा सडक विस्तार भएसँगै यो क्षेत्रमा २१ वटा ठूला पुल, ४३ वटा साना पुल तथा सडकको पानी निकासका लागि ४६ वटा कल्भर्ट (नाली) निर्माण गरिएको छ । सडक विस्तारका क्रममा साना पुल तथा कल्भर्ट चार लेनमा तयार गरिएको छ भने ठूला पुलहरू पुराना पुलको दक्षिणतर्फ दुई लेनमा तयारी पारिएको छ । पुराना पुलको आवश्यकता र प्राविधिक अवस्थाअनुसार स्तरोन्नति तथा प्रतिस्थापन गरिएको सूचना अधिकारी खनालले बताए । *रासस*

Invitation for Bids

Government of Nepal

Chhipaharmai Rural Municipality

Bishwa, Parsa

Madesh Province, Nepal

Tel: 9855011113, Email: chhipaharmaimun@gmail.com, Website: www.chhipaharmaimun.gov.np

Date of publication: November 25, 2026

Invitation for Bids No: CRM/NCB/G/2083/84-01

1. The **Office of Chhipaharmai Rural Municipality, Bishwa, Parsa, Madesh Province, Nepal** has *allocated fund* towards the cost of ***"Supply and Delivery of Solar Irrigation Pump"*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***CRM/NCB/G/2083/84-01***. Bidding is open to all eligible Bidders as defined in ***ITB Clause 4 (Eligible Bidders).***
2. The **Office of Chhipaharmai Rural Municipality** invites ***sealed*** bids from eligible bidders for the procurement of ***"Supply and Delivery of Solar Irrigation Pump"*** under National competitive bidding – Single Stage Two Envelope procedures**.**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Chhipaharmai Rural Municipality, Bishwa, Parsa, Madesh Province, Nepal, chhipaharmaimun@gmail.com, 9855011113.**
5. A complete *set* of Bidding Documents may be purchased from the office ***Chhipaharmai Rural Municipality, Bishwa, Parsa, Madesh Province, Nepal*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR ***5000.00*** till ***December 16, 2026,*** during office hours before **12:00 Noon** in the account as specified below.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **NIC ASIA Bank Bhishwa Branch, Nepal**

   Name of Office: **Chhipaharmai Rural Municipality**

   Office Code No.: **1125435, Rajaswa (Revenue) Shirshak No.: 14229**

   Bank Account No.:**L6CA000187452406**

   Account Name: **Antarik Rajaswa Khata chhipaharmai Ga.Pa**
6. Pre-bid meeting shall be held at **Chhipaharmai Rural Municipality Bishwa, Parsa, Madesh Province, Nepal at 11:30 A.M. on December 07, 2026.**
7. Electronic bids must be submitted on or before **12:00 Noon** on ***December 16, 2026***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***12:15 PM, December 16, 2026*** at the office of **Chhipaharmai Rural Municipality, Bishwa, Parsa, Madesh Province, Nepal**. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security of the bid security, amounting to a minimum of NPR***. 4,50,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Code: **1125435** and Account Name: **Dharauti Khata Chhipaharmai Ga.Pa,** Bank Account No.: **L6CA000187452404 at NIC ASIA Bank Bhishwa Branch, Nepal** and submit the receipt of the deposited amount of cash along with the Bid.
9. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक

रूपशाला

चलचित्र 'आशा' फागुन १४ गते रिलिज हुने

उडान स्टुडियोको प्रस्तुती रहेको पहिलो फिल्म 'आशा' आगामी फागुन १४ गते प्रदर्शन हुने भएको छ । निर्माण पक्षले विषयगत पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो । सार्वजनिक गरिएको पोस्टरमा फिल्मका मुख्य पात्रहरू महेश त्रिपाठी, अञ्जना बराइली र आशान्त शर्मा देखिएका छन् । पारिवारिक कथामा निर्माण भएको यो फिल्मको पोस्टरले दर्शकमा कौतुहलता छाड्न सफल भएको छ । पोस्टरमा एउटा घर देखिएको छ, जहाँ अभिनेता शुशांक मैनालीको तस्विरमा माला लगाइएको छ । उक्त पोस्टरमा आशान्त शर्मा पण्डितको रूपमा प्रस्तुत छन् भने महेश त्रिपाठी किरिया बसिरहेका देखिन्छन् । अभिनेत्री अञ्जना बराइली भने ढोकाको दैलोबाट चिहाएर हेरिरहेकी छिन् ।



बुधबार, ०९ मंसिर २०८३ (Wednesday, 25 November 2026)

'सिन्दुरे जात्रामा मौन विद्रोह गरेकी छु'



■ प्रभाव संवाददाता

काठमाडौं– अभिनेत्री अञ्जना बराइलीले चलचित्र 'सिन्दुरे जात्रा' महिला चरित्रप्रधान कथामा आधारित सिनेमा भएको बताएकी छन् । उनले चलचित्रमार्फत नेपाली समाजमा महिलाप्रति विद्यमान दृष्टिकोणमाथि प्रश्न उठाउने प्रयास गरिएको बताइन् ।

चलचित्रको नामले नै आफूलाई आकर्षित गरेको र कथा पढेपछि समय मिले यसमा जोडिने निर्णय गरेको अञ्जनाको भनाइ छ । उनका अनुसार 'सिन्दुरे जात्रा' कथानक तथा प्राविधिक दुवै पक्षबाट बलियो चलचित्र बनेको छ । चलचित्रमा 'पूर्णबहादुरको सारङ्गी'मा काम गरेका केही कलाकार, निर्देशक तथा प्राविधिक जोडिए पनि यसको कथा पूर्णत: फरक रहेको उनले स्पष्ट पारेकी छन् । त्यसैले 'सिन्दुरे जात्रा'लाई 'पूर्णबहादुरको सारङ्गी'को सिक्वेल वा त्यसैको कथासँग मिल्दोजुल्दो चलचित्रका रूपमा बुझ्न नहुने उनको भनाइ छ ।

अञ्जनाका अनुसार 'सिन्दुरे जात्रा'ले नेपाली समाजले महिलालाई हेर्ने दृष्टिकोण र महिलाको अवस्थाबारे कथा प्रस्तुत गर्छ । चलचित्रले कुनै पक्षको वकालत गर्ने वा न्यायाधीश बन्ने प्रयास नगरेको उनले बताइन् । "हामीले यो पटक प्रश्न उठाउने प्रयास गरेका छौं । महिलाप्रति समाजको धारणा सही छ कि छैन भनेर प्रश्न समाजलाई नै छोडेका छौं,' उनले भनिन् ।

चलचित्रमा आफूले मौन विद्रोह गरेको पनि अञ्जनाले खुलासा गरेकी छन् । संवादमार्फत मात्रै नभई आफ्नो चरित्र र प्रस्तुतिमार्फत विद्रोह व्यक्त गरेको उनको भनाइ छ ।सरोज पौडेलको निर्देशनमा बनेको चलचित्रमा अञ्जना बराइलीसँगै विजय बराल, विनोद न्यौपाने, उषा खड्गी, रामप्रसाद खनाल, लोकेन्द्र लेखक, कमलमणि नेपाल, भोलाराज सापकोटा, हिउँवाला गौतम, राकेश खड्का, युना खड्का, अनिता गिरी, रजनी गुरुङ, देशभक्त खनाल र विनोद परियारलगायत कलाकारको अभिनय रहेको छ ।

सबिन अधिकारी र वसन्त न्यौपानेको लेखन रहेको चलचित्रको कथा निर्देशक सरोज पौडेल स्वयंले तयार पारेका हुन् । सारंगी फिल्म्सको प्रस्तुतिमा बनेको चलचित्रका निर्माता नेम महर्जन हुन् । राकेश खड्का र श्याम मगर सह-निर्माता तथा सुमन रञ्जित एसोसिएट निर्माता रहेका छन् । अनिश अधिकारीले लाइन निर्माणको जिम्मेवारी सम्हालेका छन् ।

दिनेश खड्का कार्यकारी निर्माता रहेको चलचित्रमा पदमबहादुर श्रेष्ठ (बाबु)को छायांकन, सुरेन्द्र पौडेलको सम्पादन र विशाल घिमिरेको क्रिएटिभ निर्देशन रहेको छ । चलचित्रमा प्रशान्त सिवाकोटीको संगीत रहेको छ । आगामी मंसिर १८ गतेदेखि प्रदर्शनमा आउने चलचित्रको वितरण नेसनल सिने ग्रुप नेपालले गर्नेछ । बिग मुभिज थिएटर पार्टनर र ओएसआर डिजिटल डिजिटल पार्टनरका रूपमा जोडिएका छन् ।

निर्मलराज पौडेलको 'हिस्सिएकी काली' गीत सार्वजनिक



काठमाडौं (प्रस)– निर्मलराज पौडेलको शब्द तथा स्वर र मनिषराज पौडेलको निर्देशनमा तयार भएको नयाँ नेपाली गीत 'हिस्सिएकी काली' सार्वजनिक भएको छ । वेलकम एभी प्रोडक्सनले निर्माण गरेको उक्त गीतको भिडियोमा पछिल्लो समय विकसित कृत्रिम बौद्धिकता (एआई) प्रविधिको प्रयोग गरिएको छ ।

नेपाली गीतसंगीत क्षेत्रमा नयाँ प्रयोग गर्ने उद्देश्यसहित तयार पारिएको गीतले प्रेम, माया र भावनात्मक सम्बन्धका विषयलाई समेटेको छ ।

गीतको भिडियोमा सुबु शर्मा, रोशन अर्याल र अनिश शर्माले अभिनय गरेका छन् । विशेष अतिथि कलाकारका रूपमा सुनील भट्टराई र खेमराज पन्त प्रस्तुत भएका छन् ।

गीतमा संगीत निर्देशन मोहित मुनालले गरेका छन् भने भिडियोको छायांकन निर्देशक कृष्ण वी. थापा छन् । भिडियोको सम्पादन तथा रंग संयोजन मनिषराज पौडेलले गरेका छन् ।

परम्परागत भिडियो निर्माण प्रक्रियाभन्दा फरक ढंगले आधुनिक प्रविधिको सहायतामा दृश्यहरू तयार पारिएको यस गीतले नेपाली संगीत क्षेत्रमा नयाँ सम्भावनाको खोजी गरेको गायक पौडेलले जानकारी दिए । गायक पौडेलका अनुसार एआई प्रविधिको प्रयोगले कम समयमा आकर्षक दृश्य सामग्री तयार पार्न तथा सिर्जनात्मक अवधारणालाई दृश्यमा रूपान्तरण गर्न सहज बनाएको छ । नेपाली संगीत क्षेत्रमा प्रविधिको प्रयोग बढ्दै गइरहेका बेला 'हिस्सिएकी काली'ले गीत तथा भिडियो निर्माणमा नयाँ प्रयोगको सम्भावनालाई उजागर गरेको छ ।

रंगशाला

१०औं राष्ट्रिय खेलकुद

महिला क्रिकेटमा आर्मी र एपिएफ विजयी

■ प्रभाव संवाददाता

सुर्खेत– १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तरगतको मंगलबार भएको महिला क्रिकेटको सुरुआती खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरीको एफिएफल क्वबल विजयी भएका छन् । सुर्खेतको वीरेन्द्रनगर रङ्शाशालामा भएको उक्त खेलमा आर्मी क्लबले कोशी प्रदेशलाई छ विकेटले पराजित गरेको हो । टस हारेर ब्याटिङ गर्न पुगेको कोशी प्रदेशले सबै विकेट गुमाएर ६५ रन मात्र बनायो । कोशीका लागि कप्तान रुविना क्षेत्रीले सर्वाधिक ३६ रनको योगदान दिइन् ।

उनले ३६ बल खेल्ने क्रममा एक छक्का र पाँच चौका प्रहार गरिन् ।

बलिङतर्फ आर्मीकी यमुना थारुले सर्वाधिक चार विकेट लिइन् । उनले चार ओभर बलिङ गर्ने क्रममा दुई ओभर मेडन राख्दै छ रन मा खर्चिन । यसैगरी मनिषा उपाध्यायले दुई तथा कविता कुँवर, इश्वरी विष्ट, लक्ष्मी साउँद र संगीता गुरुङले एक-एक विकेट लिइन् ।

आर्मीले ६६ रन १३ दशमलव एक ओभरमा चार विकेटको क्षतिमा बनायो । आर्मीका लागि विन्दु रावलले सर्वाधिक २१ रन बनाइन् । उनले २८ बलको सामना गर्ने क्रममा तीन चौका प्रहार गरिन् । यस्तै, रुवी पोद्दारले १८, कविता कुँवरले अविजित १२ र अञ्जली विश्वकर्माले सात रनको योगदान दिइन् ।

बलिङतर्फ कोशीकी रुविना क्षेत्रीले तीन तथा एलिशा खादियाले एक विकेट लिइन् । प्रतियोगिताको प्लेयर अफ दी म्याच आर्मीकी यमुना थारु घोषित भइन् । प्रतियोगिताअन्तरगत नेपालगञ्जमा पौडी, बर्दियामा टेनिस, सुर्खेतमा पुरुष फुटबल, महिला बास्केटबल र महिला क्रिकेट खेल सञ्चाल भएका राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रामचरित्र मेहत्ताले जानकारी दिए । त्यस्तै, अर्को खेलमा नेपाल एपीएफ क्लबले लुम्बिनी प्रदेशलाई १५८ रनको फराकिलो अन्तरले पराजित गरेको छ ।

पहिले ब्याटिङ गरेको एपीएफले निर्धारित २० ओभरमा १ विकेट गुमाउँदै १९७ रनको विशाल योगफल बनाएको थियो । जवाफमा लुम्बिनी प्रदेश १५.४ ओभरमा ३९ रनमै अलआउट भयो । यससँगै महिला क्रिकेटमा त्रिभुवन आर्मी र एपीएफले आफ्नो पक्षमा नतिजा निकालेका छन् ।

मिडिया सेन्टर उद्घाटन

यसैबीच दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ को सञ्चालन कार्यलाई व्यस्थित र प्रभावकारी बनाउन मिडिया सेन्टर स्थापना गरिएको छ । कर्णाली प्रदेश रंगशाला वीरेन्द्रनगर परिसरभित्र स्थापना गरिएको उक्त सेन्टरको शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले उद्घाटन गरे । उद्घाटन गर्दै सचिव पौडेलले प्रतियोगिता अवधिभर हुने ३२ विधाका खेलको अडियो, भिडियो, अनलाइन, छापालगायतका विभिन्न सञ्चारका माध्यबाट प्रकाशित समाचार एकद्वारा प्रणालीबाट विश्वसनीय, रचनात्मक, तथ्यपरक र पारदर्शी तवरबाट वितरण होस् भन्ने उद्देश्यले मिडिया सेन्टरको स्थापना गरिएको बताए ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव रामचरित्र मेहताले संघ र प्रदेशमा रहेका सबै सञ्चारकर्मीलाई समाचारमा एकरूपता ल्याउन आग्रह गर्दै अनौपचारिक रूपमा मंगलबारदेखि कर्णाली प्रदेश रंगशालामा विभिन्न खेल सञ्चालन भएका जानकारी दिए ।

एसिया कप राइजिङ स्टार्स क्रिकेट

समूह चरणबाटै बाहिरियो नेपाल

■ प्रभाव संवाददाता

काठमाडौं– कतारको दोहामा अर्को एउटा फराकिलो हार स्वीकार्दै नेपाली राष्ट्रिय क्रिकेट टिमले एसिया कप राइजिङ स्टार्स क्रिकेट प्रतियोगितामा यात्रा टुंग्याएको छ ।

दुई टेस्ट राष्ट्रका 'ए' टिम रहेको समूह 'बी' मा नेपालले मंगलबार पाकिस्तान 'ए' लाई ९६ रनले नतिजा सुम्पियो ।

यसअघि पहिलो खेलमा भारत 'ए' सँग शुक्रबार ३०६ रनको लज्जाजनक हार भोग्ने क्रममा २६ रनमै अलआउट भएको नेपालले मंगलबार पाकिस्तानविरुद्ध ७२ रन बनायो । भारतसँग ११.३ ओभर क्रिजमा टिकेको नेपालले पाकिस्तानसँग १७.३ ओभर खेलेको थियो ।

पाकिस्तानले दिएको १६९ रनको लक्ष्य पछ्याउने क्रममा कुनै पनि बेला नेपाली ब्याटरहरू सम्हालिन सकेनन् । नेपालको इनिङमा ओपनर मायन यादवबाहेक अन्यको प्रदर्शन टिठलाग्दो रहयो ।

मायनले ४१ रन बनाउँदा दोहोरो अंकमा स्कोर गर्ने अर्का एकमात्र खेलाडी बसिर अहमद थिए । बसिरले १९ बलमा २ चौकासहित ११ रन बनाए । मायनले चाँही ५० बलमा ४ चौका र २ छक्का प्रहार गरेका थिए । त्यसबाहेक नेपालका लागि देव खनालले ४ बल खेल्दै २ चौकासहित ८ रन जोडे भने युएईलाई आइतबार दोस्रो खेलमा ६ विकेटले हराउँदा ५७ रनको अर्धसतकीय इनिङ खेलेका कुशल भुर्तेल १ रनमै पवेलियन फर्किए ।

नेपालका लागि स्कोरबोर्डमा नाम लेखाउने अर्का ब्याटर अभिशेष गौतम थिए । उनी १ रनमा अविजित रहे । बाँकी सबै खेलाडी खाना खोल्न नसक्दै आउट भए ।

पाकिस्तानका मोहमद हस्निाइन र सुफ्यान मोकिमले समान ३ विकेट लिए भने मुहमद इमरानले २ तथा माज सदाकतले १ विकेटमा नाम लेखाए ।

यसअघि टस हारेर फिल्डिङका लागि निम्त्याइएपछि रशिद खानको ५ विकेट प्रेरणामा नेपालले पाकिस्तान 'ए' लाई १६८ रनमा रोकेको थियो । रशिदसँगै नेपालका लागि अविशेष गौतम, कप्तान सन्दीप लामिछाने र कुशल भुर्तेलले १/१ विकेट लिएका थिए । रशिदले ८ ओभर बलिङ गर्दै ३९ रन खर्चेर ५ विपक्षी ब्याटरलाई पवेलियनको बाटो देखाएका थिए ।

कतारको युनिभर्सिटी अफ दोहा फर साइन्स एण्ड टेक्नोलोजीको मैदानमा पाकिस्तानका रोहेल नाजिरले अर्धसतक बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले उल्लेख्य प्रदर्शन गर्न सकेनन् ।

रोहेलले ८३ बलमा ४ चौका र ३ छक्कासहित अविजित ६४ रन बनाएका थिए । त्यसबाहेक हसन नवाजले बनाएको २८ रन पाकिस्तानी इनिङको दोस्रो ठूलो व्यक्तिगत स्कोर थियो । नवाजले ५९ बलमा १ छक्का प्रहार गरेका थिए ।

नेपाली बलरहरू हावी हुँदा पाकिस्तानी टिमबाट अहमद डानियलले १६, हैदर अलीले १५ तथा माज सदाकत र कप्तान अब्दुर सामादले समान १३ रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा स्कोर गर्न सकेनन् । समूहमा भारतको 'ए' टिम र युएई पनि छन् । भारतले युएईलाई मंगलबारै चाडोगरि सम्पन्न खेलमा ७ विकेटले हराइसकेको छ ।

पहिलो खेलमा नेपालले भारतसँग ३०६ रनको लज्जाजनक हार भोगेको थियो भने दोस्रो खेलमा कुशल भुर्तेलको अलराउन्ड प्रदर्शनको प्रेरणामा युएईमाथि ६ विकेटको जित हासिल गरेको थियो ।

पाकिस्तानले भने पहिलो खेलमा युएईलाई ६१ रन तथा दोस्रो खेलमा भारतलाई ४८ रनको अन्तरमा हराएको थियो । समूहका सबै तीन खेल जितेको पाकिस्तान विजेता तथा दुई खेलमा विजय हासिल गरेको भारत उपविजेताको हैसियतमा सेमिफाइनल प्रवेश गरेका छन् । एक खेल जितेको नेपाल र सबै तीन खेल हारेको युएई पहिलो चरणबाटै बाहिरिएका छन् ।

युएइमा रोजगार कम्पनी : COOL TIME BEAUTY LOUNGE LTD — शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०८/०८ — LT. No. 350522 — चलानी नं. ६०१६३८००

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	HAIRDRESSER	0	2	1500	६०,९४२	छ	८	६	छ	छ	छ	२ वर्ष
2	Hair Stylist -Female	0	2	1500	६०,९४२							
3	MANICURIST	0	2	1500	६०,९४२							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ मंसिर १६ गते (2nd Dec. 2026) मा हुनेछ ।

रहदैना अरिने कि मेडिकल खर्च गरको भर्ने खर्च भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदैना अरिने बिमा खर्च गरको रहेछ/छैन र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गरको रहेछ/छैन	हवाई टिकट गरको दिने र कति लाग्ने	भिषा शुल्क गरको दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र कति लाग्ने (दरसहस्रमा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	अभिमुखिकरण शुल्क गरी लाग्ने र गरको रहेछैन	बिमा रकमिएर शुल्क गरको रहेछैन
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नामथर मिल्ने छापा भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सक्कलमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण का इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्रोसँग बुझेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही कुरामा परेमा वैदेशिक रोजगार विभाग तहतापनका सम्पर्क गर्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 /
Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com

कुवेतमा रोजगार कम्पनी : TAAMEER INTERNATIONAL BUILDING CONSTRUCTION COMPANY
पूर्व स्वीकृति मिति : २०८२/१०/०८ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०८ — LT. No. 337190 — चलानी नं. ६०२५०७६३

